# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ३, अङ्क १५, पूर्णाङ्क ११० | २०७४ भदौ २८ गते बुधबार | Wednesday, 13 Sep 2017 | www.eratokhabar.com | मूल्य रु. १०


सप्तकोसी उच्चबाँध भारतको बिहार जोगाउने र नेपाल डुबाउने योजना हो

रतन भण्डारी



अन्तर्वार्ता पृष्ठ ३

## प्रचण्डका ६ केन्द्रीय नेता विप्लवतिर

■ रातो खबर संवाददाता/काठमाडौं

नेकपाले कम्युनिस्ट क्रान्तिकारीहरूका बीच ध्रुवीकरण गर्ने संस्थागत निर्णय गरेसँगै देशव्यापी ध्रुवीकरणको लहर बढिरहेको छ। हालै विभिन्न कम्युनिस्ट घटकहरूमा रहेका र स्वतन्त्र बसेका गरी एक सयभन्दा बढी नेताकार्यकर्ताहरू नेपाल कम्युनिस्ट पार्टीमा समाहित भएका छन्। यसरी नेकपामा समाहित हुनेहरूमा माओवादी केन्द्रका बुद्धिजीवी नेता कुलानन्द गिरी, पूर्व जनमुक्ति सेनाका ब्रिगेड कमान्डर नन्दबहादुर बोहोरा, कृष्ण वि.क., गणेश रेग्मी, धर्मजित नेगी, वैद्य माओवादीबाट झपेन्द्र वैद्य, बाबुराम भट्टराईको नयाँ शक्तिबाट पूर्व सभासद् बाबुलाल पासवान, अधिवक्ता हरिराम महर्जन, नेपाल जनमुक्ति पार्टीका मोहनसिंह सारु, पूर्व जनसेनाका कमान्डर माणीक लामालगायत एक सय पाँचजना रहेका छन्।

आइतबार काठमाडौंको प्रज्ञा भवनमा भएको कम्युनिस्ट क्रान्तिकारीहरूको ध्रुवीकरण कार्यक्रममार्फत उनीहरू नेकपामा प्रवेश गरेका हुन्। नवप्रवेशीहरूलाई नेकपाका महासचिव विप्लवले खादा र टीका लगाएर स्वागत गरेका छन्। कार्यक्रममा महासचिव विप्लवले क्रान्ति गर्न चाहनेहरूलाई बिना पूर्वाग्रह आफ्नो पार्टीमा स्वागत गर्ने भन्दै प्रचण्ड गोलचक्करमा फसेको, किरण अलमलमा परेको र बाबुराम बेपत्ता भइसकेको बताए। उनले मोहन वैद्य 'किरण' नेतृत्वको क्रान्तिकारी माओवादीसँग एकता हुन सक्ने तर त्यसका लागि क्रान्ति गर्ने उच्च मनोबल हुनुपर्ने बताए। प्रचण्डसँग भने एकताको कुनै सम्भावना नरहेको भन्दै विप्लवले उनलाई नेपाली ख्रुस्चेभसमेत भने। व्यक्तिगत स्वार्थका लागि क्रान्ति बेच्ने कुरा गलत भएको भन्दै विप्लवले पार्टीलाई दुरुपयोग गर्ने अधिकार कसैलाई पनि छैन भने। राष्ट्र र राष्ट्रियता रक्षाका लागि देशभक्त शक्ति, सेना, प्रहरी र कर्मचारीहरूले आफ्नो पार्टीको आन्दोलनलाई साथ दिनुपर्ने महासचिव विप्लवको भनाइ थियो।

यसैगरी माओवादी केन्द्र परित्याग गरी नेकपामा ... बाँकी पृष्ठ ५ मा

# देश लुछ्दै कालोबजारी र लुच्चा ठेकेदार



दसैं, तिहार, छठ, इदलगायत चाडपर्वले नागरिकलाई प्रभावित-तरङ्गित गरिसकेको छ। यो अवसरमा उठबस, खरिदबिक्री र आर्थिक गतिविधि सधैंको भन्दा बढी हुने गर्दछ। परम्परा तथा संस्कारगत रूपले नागरिकका आफ्नै खालका रुचि र बाध्यता हुन्छन्। त्यस्तो अवस्थामा राज्य र जिम्मेवार संस्थाहरूले राहत उपलब्ध गराउनुपर्ने हो। तर यही मौका पारेर लोकतान्त्रिक गणतन्त्रनामक संसदीय व्यवस्था र कालोबजारियाहरूले ब्वाँसोले झैं नागरिकलाई पृष्ठभागमा जिउँदै लुछिरहेका छन्। दसैंको समय पारेर खाद्य पदार्थमा व्यापक मूल्यवृद्धि भएको छ। कयौं हिमाली क्षेत्रमा चामलको पनि अभाव छ। तर काठमाडौंको गोदाममा खाद्य पदार्थ सडिरहेको छ। बिरामी र बच्चाका लागि नभइनहुने दूधको मूल्यवृद्धिलगत्तै अन्य उपभोग्य वस्तुको पनि मूल्य आकासिएको छ। चाडको अवसर पारेर यातायातको भाडा बढाउने, उभ्याएर यात्रा गराउने, यात्रुवाहक सवारीलाई मालवाहक बनाएर यात्रुको ज्यान जोखिममा पार्न सरकारले नै यातायात व्यवसायीलाई छूट दिएको छ। यातायात व्यवसायीले अग्रीम बुकिङ रोकेर नाजायज माग गर्दा दण्डित गर्नुपर्नेमा सरकार निरीह बनेर उनीहरूका मागअगाडि झुकेको छ। यसबाट बुझ्न सकिन्छ, संसदीय व्यवस्था जनताको पक्षपाती व्यवस्था होइन। यो व्यवस्थाका सांसद, मन्त्री र नीति निर्माताहरूको नाभी कालोबजारिया, भ्रष्ट तत्वसँग जोडिएको छ र उनीहरूले जनताको होइन, भ्रष्ट र कालोबजारियाकै प्रतिनिधित्व गर्दछन्।

गृह मन्त्रालयकै संरक्षणमा ८८ किलो सुनकाण्ड झन् रहस्यमय बन्दै गएको छ। नेपाल तस्करहरूको सुरक्षित आश्रयस्थल बन्दै गएको यथार्थ उक्त काण्डले पर्दाफास गरेको छ। आयल निगमको जग्गा खरिदकाण्डमा मन्त्री दीपक बोहोरा र आयल निगमका प्रमुख गोपाल खड्कामण्डलीको संलग्नता स्पष्ट भइरहेको छ। उनै खड्काका मतियार दीपक बोहोरालाई मन्त्री बनाएर भ्रष्टहरूलाई छाता ओढाउने धृष्टता प्रम देउवाले गरेका छन्। ५४ जना मन्त्रीहरू ... बाँकी पृष्ठ ७ मा

## नजिकिंदै चुनावी लगन, खारेजी अभियान तीव्र

■ अम्बिका चन्द/काठमाडौं




माओवादी केन्द्रका कार्यकर्ताद्वारा विरगञ्जमा आफ्नै पार्टीको ब्यानर जलाउँदै।

प्रदेश नम्बर २ को चुनावी लगन नजिकिँदै गर्दा मध्यतराईमा बम विष्फोट र चुनाव विरोधी गतिविधि तीव्र बनेका छन्। सोमबार राती सिरहाको लाहान नपास्थित व्यापारी पशुपति चौधरीको पेट्रोल पम्प र निवास लक्षित विष्फोट भएको छ। चौधरीलाई कर छली, भष्ट्राचार र दलाली गरेको आरोप लगाइएको छ। यसअघि लाहान नपाका मेयर पदका उम्मेदवार मुनी शाहको घरमा पनि बम विष्फोट भएको थियो। नेकपा एमालेको तर्फबाट उम्मेदवार बनेका शाहको लाहान बजारमै रहेको घरमा भएको विष्फोटबाट सामान्य क्षति भएको थियो। उम्मेदवार शाह विभिन्न अपराधिक गतिविधिमा संलग्न रहेको र विगत सशस्त्र जनयुद्धको बेला व्यक्ति हत्यामा समेत संलग्न रहेको पनि बताइएको छ। गोलबजार नपा ३ जम्दवा मतदान केन्द्र र सगरमाथा उच्च मावि मिर्चैयामा पनि बम विस्फोट भएको छ।

सर्लाहीको वागमती नपामा माके उम्मेदवार भरत ... बाँकी पृष्ठ ७ मा

## लोकप्रिय भारतीय पत्रकारको हत्या

■ रातो खबर संवाददाता/काठमाडौं



आफ्नो ज्यान असुरक्षित रहेको बताउँदै आएकी बैङ्लोर निवासी चर्चित पत्रकार गौरी लंकेशको गत मंगलबार राति उनकै निवासमा हत्या भएको छ। उनले हिन्दु अतिवाद र सत्ताको आलोचनामा लेख्दै आएकी थिइन्। उनको हत्यामा भाजपा नेतृत्वको सरकार संरक्षित आरएसएसको हात रहेको विश्वास गरिएको छ। तर उसले सबैभन्दा पहिले गौरी हत्यामा आफ्नो हात नभएको बताएको छ। हिन्दु साम्प्रदायिकता, भ्रष्टाचार, नक्कली समाचार र अभिव्यक्ति स्वतन्त्रताविरोधी सत्ता संरक्षित अतिवादका विरुद्ध उनले दृढतापूर्वक लेख्दै आएकी थिइन्। उनलाई भाजपाका समर्थकहरूले 'राष्ट्रद्रोही, माओवादी, विदेशी दलाल' जस्ता सबैजसो सत्ता आलोचकलाई थोपर्ने आरोप थोपरेको थियो। गत वर्ष गौरीले न्युजलन्ड्रीलाई दिएको अन्तर्वार्तामा भनेकी थिइन्, 'वर्तमान कर्नाटकमा हामी यस्तो समयमा बाँचिरहेका छौं जसमा मोदीभक्तहरू र हिन्दुवादी ब्रिगेड उनीहरूका फासिवादी विचार, उनीहरूको पार्टी र सर्वोच्च नेता नरेन्द्र मोदीको विरोध गर्ने मान्छेहरूको हत्यालाई शुभअवसर मानिरहेका छन्। (जस्तो डाक्टर एम.एम. ... बाँकी पृष्ठ ५ मा






## जगत बुझ्ने र बदल्ने प्रश्न

देश/परिवेश

■ सुदर्शन



नेपाल कम्युनिस्ट पार्टी विश्व कम्युनिस्ट आन्दोलनको एक टुकडी हो। नेपाली श्रमजीवी र उत्पीडित वर्गको अग्रदस्ता हो। मार्क्सवाद-लेनिनवाद-माओवाद यसको मार्गदर्शक, सूक्ष्मदर्शक र दूरदर्शक हो। नेपालमा हामी यसको रक्षा, प्रयोग र विकासको प्रक्रियामा छौं। आठौं महाधिवेशनले परम्परागत स्कुलमा क्रमभङ्ग गरी नयाँ स्कुलको प्रारम्भ गरेको छ। मालेमावादी विज्ञानको अध्ययन, अनुसन्धान, अनुसरण र विकासको सट्टा पुरानै सत्ताको स्वार्थ, आफूभित्रै रहेको परम्परागत संस्कार र आदतको सिकार भएर क्रान्तिकारी विचार र पार्टीको विघटन हुने चुनौती बढेर गएको स्थितिमा यो महाधिवेशनले विचारधारा विकासको उद्घाटन गरी उज्ज्वल भविष्य देखाएको छ। क्रान्तिकारी कार्यदिशा कार्यान्वयनको सट्टा निम्नपुँजीवादी आर्थिक आधारबाट पैदा हुने आत्मकेन्द्रित व्यक्तिवादका कारण अराजकता, अकर्मण्यता, अनुशासनहीनता, टुटफुट, निराशा र अल्छीपनाको सिकार पार्टी हुने खतरा पनि बढेर गएको छ। समग्रमा भन्दा यो विश्वदृष्टिकोणकै समस्या हो।

उल्लिखित समस्याको समाधान भनेको नेता र कार्यकर्ताको पुनः संस्कार र पुनर्शिक्षण गर्नु नै हो। एकीकृत जनक्रान्ति कार्यदिशाअनुसार दर्शनलाई जनताबीच लैजानु पर्दछ। द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको आधारभूत ज्ञान र तदनुरुपको गतिशील बोध तथा व्यवहारबिनाको टपरटुइयाँ राजनीतिले कोही पनि वास्तविक कम्युनिस्ट बन्न सक्तैन। त्यसैगरी राजनीतिक अर्थशास्त्रको आधारभूत ज्ञानबिना द्वन्द्वात्मक भौतिकवादको कुरा गर्नु भनेको जराबिनाको रुखको कल्पना गर्नुजस्तै हो। वैज्ञानिक समाजवादको बोध नहुनु भनेको वर्गसङ्घर्ष र क्रान्तिबाट भाग्नु हो। कला र साहित्यका बारेमा नजान्नु भनेको जीवनरस र सौन्दर्यबोध नभएको उदास जिन्दगी बाँच्नु हो।

स्कुलिङ र प्रशिक्षणमा फरक छ। स्कुलिङ समग्र कम्युनिस्ट जीवनको आधार खडा गर्ने विषय हो भने प्रशिक्षण त्यो आधारमा तयार भएका नेता तथा कार्यकर्तालाई पार्टीका समसामयिक निर्णयहरू लागू गर्नका खातिर दिइने सम्प्रेषण-तालिम हो। पार्टीमा प्रशिक्षणहरू त भइरहन्छन् तर विश्वदृष्टिकोणको बलियो आधारबिना नेता र कार्यकर्ताहरू धागो छिनिएका चङ्गा हुन ... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# कलाविहीन तमासा

उसै त संसदीय व्यवस्था श्रमिक जनतामारा राजनीतिक प्रणाली हो । त्यसमाथि शेरबहादुर देउवा यो व्यवस्थाका सक्कली प्रतिनिधि हुन् । विगतमा उनले सत्ता र सरकार टिकाउन पुरुष सांसदलाई सुत्केरी भत्ता बाँड्नेदेखि भन्सार छूटमा पजेरो चढाउने र सामूहिक 'बिरामी' पारेर विदेश पठाउनेसम्मका हर्कतहरू गरेका थिए । 'काशी जानु कुतीको बाटो' भनेझैँ कोहीलाई केहीको धन्दा, शेरबहादुरलाई सत्ता टिकाउनकै धन्दा देखिएको छ । काङ्ग्रेस-माके अप्राकृतिक गठबन्धनको दलाल सरकारका प्रधानमन्त्री देउवाले सत्ता टिकाउनकै लागि नेपालको इतिहासमै बदनाम हुने गरी ५४ सदस्यीय मन्त्रिमण्डल बनाएका छन् । उनले २०५२ सालमा पनि ४८ सदस्यीय मन्त्रिमण्डल निर्माण गरी बदनामी कमाएका थिए ।

नेपाल र नेपाली जनताको यतिबेलाको सरोकार काङ्ग्रेस-माके गठबन्धन टिकाउनु र जसरी पनि टिकाउने बहानामा जनताको ढाड सेक्ने गरी ती पार्टीका सबै नेतालाई आलोपालो मन्त्री बनाएर देशको राजस्वमाथि ब्रह्मलूट मच्चाउनु होइन । भूकम्पले तहसनहस पारेका जनता अढाइ वर्षदेखि थोत्रा त्रिपालको भरमा कष्टकर जीवन बिताइरहेका छन् । यता तराई क्षेत्रमा भर्खरै गएको बाढीले हजारौँ जनतालाई घरबारविहीन बनाएको छ । बजारमा खाद्य पदार्थको मूल्य कतिसम्म वृद्धि भएको छ भने जनतालाई साँझबिहानको समस्या टार्नै मुस्किल भएको छ । चामल, दालदेखि नुन, तेल र तरकारीसम्मको भाउ आकासिएर सर्वसाधारण बजारबाट रित्तै फर्किन विवश छन् । आमजनसमुदायले परम्परागत चाड दसैँतिहार पनि अभाव र भोकैतिर्खै मनाउनुपर्ने अवस्था छ तर काङ्ग्रेस-माके गठबन्धनलाई देश र जनताको पीडा प्रहसनजस्तो मात्र बनेको छ । जनताको पीडामा रमाउने, देशको ढुकुटी सिध्याउन मन्त्रीहरू थपेर पाँच दर्जन पुऱ्याउने, देशको हितमा भन्दा विदेशीको हितमा र अझ तोकेरै भन्दा भारतको हितमा सन्धिसम्झौता गर्ने सरकार नेपाल र नेपाली जनताको पक्षधर हुन सक्तैन । विगतमा जनताले प्रतिरोध गरेर बन्न नदिएका कोसी उच्च बाँधदेखि, महाकाली र अपर कर्णलीसम्मका परियोजनाहरू निर्माणका लागि प्रतिबद्ध छु भन्दै भारत सरकारको पाउमा शिर राखेर सम्झौता गर्ने देउवा र २५ बुँदे सम्झौता गरी नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध भारतीय छातामुनि राख्ने पुष्पकमल दाहाल दुवै नेपालको राष्ट्रियताका बाधक हुन् र तिनलाई नेपाली जनताको सेवक हुँ भन्ने कुनै नैतिक अधिकार छैन ।

काङ्ग्रेस-माके गठबन्धन देश र जनताको हितविपरीत दलाल संसदीय व्यवस्था लाद्न भारतको शरणमा परेको छ । उनीहरू यो व्यवस्था र सरकार टिकाउनका लागि भारतीय स्वार्थसिद्ध गर्न न्वारानदेखिको बल लगाइरहेका छन् । एकातिर यो व्यवस्था र यसले गराएका/गराउने कथित स्थानीय तह, सङ्घ र संसद्का चुनाव खारेज गर्ने र जनसत्ता निर्माण गर्ने अभियान तीव्र गतिमा अघि बढेको छ । अर्कातिर यो दलाल सरकार कथित स्थानीय तहको तेस्रो तहको चुनावको नाटक गर्दै राज्यका सम्पूर्ण साधन र स्रोतको दुरूपयोग गरिरहेको छ । यो व्यवस्था र यसका एकाइहरू खारेज गर्ने देशभक्त, इमानदार क्रान्तिकारीहरूमाथि तीव्र दमन अघि बढाइरहेको छ । मुलुक दैनन्दिन पराधीन बन्दै गएको छ । जनता दैनिक गुजारा चलाउन नसकेर भौँतारिइरहेका छन् । देशका सबै क्षेत्रमा भ्रष्टाचार र अनैतिकता चुलिँदो छ । पछिल्लो एउटा उदाहरणका रूपमा राज्यकै एउटा अङ्ग आयल निगमको जग्गा खरिद प्रकरणमा परल मूल्यभन्दा चार गुणासम्म बढी तिरेको देखाएर व्यापक अनियमितता र भ्रष्टाचार भएको निष्कर्ष निकाल्दै संसदीय समितिले निगम सञ्चालक समिति र जिम्मेवार अधिकारीलाई कारबाही गर्न सिफारिस गरे पनि सरकार कानमा तेल हालेर बसेको छ । यही सत्ता र सरकारको एउटा अङ्गले अर्को अङ्गमाथि भ्रष्टाचार गरेको निष्कर्ष निकाल्नु भनेको यो पद्धति नै बेकम्मा भइसकेको सङ्केत हो ।


एकातिर जनताका समस्या झन्झन् बल्झिँदै जानु, अर्कातिर शासकहरूले नै राष्ट्रियताविरुद्ध सम्झौता गर्दै हिँड्नु र जनताको चिल्लीबिल्ली भइरहेको अवस्थामा इतिहासकै जम्बो मन्त्रिमण्डल बनाएर देश र जनताप्रति खिल्ली उडाउनु अनि राज्यका एकाइहरूले धमाधम भ्रष्टाचार गरेका तथ्यहरू प्रमाणित हुँदै जानु यो सत्ताको आयु छोटिनुको सङ्केत हो । पञ्चायतकालको उत्तरार्द्धमा पञ्च शासकहरूबाटै भ्रष्टाचारमा निर्लिप्त भएका व्यक्तिहरूको पर्दाफास र कारबाही भएका नाटकहरू मञ्चन गरिएको थियो । व्यवस्था भित्रैसम्म कुहिसकेकाले त्यो लामो समयसम्म टिक्न सकेन र जनताको आन्दोलनले त्यसलाई छिट्टै ढाल्यो । वर्तमानमा पनि तिनै लक्षण र सङ्केतहरू देखिँदै गएका छन् । देश र जनताको बेवास्ता गर्दै सत्तामा टाँसिइरहने शासकहरूको यो दुर्मति र कलाविहीन तमासा उनीहरूकै अन्त्यको कारक बन्न सहायक हुनेमा दुईमत छैन ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# ताम्सालिङ स्वायत्त प्रदेश र जनसरकारको प्रश्न



माणिक लामा

यतिबेला देश इतिहासमा नै सर्वाधिक सङ्कटको घुम्तीमा छ । १० बर्से जनयुद्ध र १९ दिने जनआन्दोलनले पहिलो संविधानसभामार्फत तत्कालीन नेकपा (माओवादी) लाई सबभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित गऱ्यो । विधिवत् रूपमा संविधानसभामार्फत २४० वर्षको निरङ्कुश राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा भयो ।

यो नेपालको इतिहासमा नै युगान्तकारी घटना थियो । उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनताको त्याग, तपस्या र बलिदानको परिणामस्वरूप नै नेपालमा निरन्तर नयाँ इतिहासको सुरुवात भएको हो तर विडम्बना सामन्तवादका जरा र पुराना सत्ताका संरचना भने यथावत् रहे । तत्कालीन ने.क.पा.-माओवादीले नवसंशोधनवाद, दक्षिणपन्थी आत्मसमर्पणवादसँग सम्बन्धविच्छेद गरी जनवादी क्रान्ति सम्पन्न गर्न जनविद्रोहको कार्यदिशामार्फत अगाडि बढ्ने अग्रगामी सोचाइ र योजनाका साथ अगाडि बढ्नुको सट्टा अकर्मण्यता र यथास्थितिमा घुमिरहने वैचारिक, राजनीतिक विचलन देखापऱ्यो । नेपालको कम्युनिस्ट आन्दोलनमा देखापरेका दक्षिणपन्थी अवसरवाद, पलायनवाद, विसर्जनवाद, आत्मसमर्पणवादका विरुद्ध क्रान्तिकारी विचारको रक्षा गर्न ऐतिहासिक राष्ट्रिय सम्मेलन गरी ने.क.पा. (माओवादी) ले नेपालको विशेषतामा आधारित ठोस वस्तुस्थितिको ठोस विश्लेषण गरेर नवीनतम कार्यदिशा पहिचान गरी नेपालमा ने.क.पा. को नेतृत्वमा 'एकीकृत जनक्रान्ति' को माध्यमबाट शान्ति, समानता, स्वाधीनता र समृद्धिका लागि 'नयाँ जनवाद र वैज्ञानिक समाजवादी व्यवस्था' स्थापना गर्न सम्पूर्ण ताम्सालिङबासी जनतालाई हामी आह्वान गर्दछौँ ।

### राष्ट्रिय परिस्थिति

नेपाल पूरै औपनिवेशिक अवस्थामा गइरहेको छ । मुलुकको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतामा गम्भीर खतरा उत्पन्न भएको छ । नेपालको ७२ स्थानमा भारतीय साम्राज्यवादद्वारा ६१ हजार हेक्टर भन्दा बढी जमिन मिचिएको छ । भारतले नेपालको जलस्रोत र प्राकृतिक क्षेत्रमा आधिपत्य जमाइसकेको छ । बिप्पालगायत अनेकौँ सम्झौता गरी नेपालको जलस्रोत भारतीय कम्पनीलाई एकपक्षीय ढङ्गले सुम्पने हर्कत गरेका छन् । नेपालको सीमा क्षेत्रमा अनेकौँ बाँधहरू बनाई नेपाललाई डुबानमा पार्ने काम गरेको छ । नेपालको सीमाभित्र अनधिकृत रूपमा प्रवेश गर्ने, सीमास्तम्भ फाल्ने र नेपाली सीमानजिक गाउँमा आई आक्रमण गर्ने, कुटपिट गर्ने, हत्या गर्नेजस्ता क्रियाकलाप गर्दै आएको छ । भारत र चीनले बेइजिङमा लिपुलेक व्यापारिक नाका खोल्ने सम्झौताको नाममा नेपाललाई थाहा नै नदिई नेपालको जमिन लिपुलेक भन्ज्याङ हस्तक्षेप गरेका छन् । लिपुलेक नेपालको हो, कालापानी नेपालको हो र नेपालको जमिनमाथि हस्तक्षेप हुँदा एक शब्द पनि नबोल्ने सरकारलाई एक मिनेट पनि कुर्सीमा बस्ने अधिकार छैन । एकाधिकार, विदेशी दलाल नोकरशाही पुँजीवादले नेपाली जनतामाथि निर्मम शोषण र दमन चलाइरहेको छ ।

जनजीविकाको समस्या अझ जटिल बन्दै गएको छ । हजारौँ चेलीहरू भारतको बम्बई र दिल्लीका वेश्यालयहरूमा नारकीय जीवन बिताउन बाध्य छन् । नेपाली चेलीहरू खाडी मुलुकमा समेत शिर छेदन हुन पुगेका छन् र दिनको सरदर चारपाँचवटा लासका बाकसहरू हवाईअड्डामा आइरहेका छन् तर कथित संविधानसभाका ६०१ जना सभासद् भने नेपाली जनताको रगतपसिनाले जम्मा भएको राजस्वमाथि ब्रह्मलुट गरिरहेका छन् । इतिहासमा ५४ जना जम्बो मन्त्रिमण्डल गठन भएको छ । विश्वको दोस्रो जलस्रोतको धनी देश नेपाल जलस्रोतको समुचित व्यवस्था गर्न सकिरहेको छैन । पानीको हाहाकार छ । जताततै भ्रष्टाचार, अन्याय, अत्याचार ढिलासुस्ती व्याप्त छ । नेपालको इतिहासमा नै विनासकारी एवम् विध्वंसकारी भूकम्पको दुःखद् घटनाका ३ वर्ष बितिसक्दा पनि जनता चिसो टहरामा बिताउन बाध्य छन् ।

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता भएको मुलुक हो । २४० वर्षसम्म निरङ्कुश शासन चलाएको राजतन्त्र (एकात्मक राज्यव्यवस्था) ले उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनतालाई निर्मम शोषण, दमन र उत्पीडनमा पार्दै आयो र फलस्वरूप सयौँ वर्षसम्म दर्दनाक जीवन भोग्न बाध्य पारियो । ने.क.पा. (माओवादी) को नेतृत्वमा २०५२ सालमा सुरु भएको जनयुद्धमा ताम्सालिङका जनताले महत्वपूर्ण सहभागिताका साथै उच्च बलिदान गरे । यसै सन्दर्भमा २०५५ साल मङ्सिर ५ गते तामाङ राष्ट्रिय मुक्तिमोर्चा, नेपाल गठन भयो । ऐतिहासिक 'ताम्सालिङ स्वायत्त प्रदेश' को घोषणा पनि नुवाकोटको ककनीमा भएको थियो ।

राज्यसत्ता वर्गीय हुन्छ । एक वर्गले अर्को वर्गलाई दबाउने हतियारका रूपमा प्रयोग हुन्छ । ताम्सालिङ स्वायत्त प्रदेश सम्पूर्ण शोषित, पीडित, उत्पीडित जनताको सत्ता हो । यसले मार्क्सवादको बल प्रयोगको सिद्धान्त स्वीकार गर्दछ र एकीकृत जनक्रान्तिका माध्यमबाट वर्गीय मुक्ति र जातीय मुक्ति एकअर्काका परिपूरकका रूपमा अगाडि बढाउँदै हिमाली देश नेपालमा स्वायत्तता र आत्मनिर्णयको अधिकारसहितको जनवादी व्यवस्था हुँदै वैज्ञानिक समाजवादका लागि निरन्तर सङ्घर्ष गर्दछ ।

### तामाङ जातिको सङ्घर्षको ऐतिहासिक पक्ष

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतासहितको सुन्दर मुलुक हो । नेपालमा सदियौँदेखि खस हिन्दुवादी एकात्मक केन्द्रीकृत राज्यसत्ताले आदिवासी जनजातिको भाषा, संस्कृति र धर्मलाई विस्थापित गर्दै आयो जसका कारण मानवसभ्यताको विकासमा आदिवासी जनजातिहरू पछाडि परे । तिनै उत्पीडित जातिहरूमध्ये तामाङ जाति पनि एक हो जुन अहिलेसम्म आफ्नो जातिको हकहित र मुक्तिका लागि सङ्घर्षरत छ । सर्वहारा वर्गीय मुक्ति आन्दोलनको लडाइँसँग जातीय मुक्ति आन्दोलन समायोजन गराई एकअर्काबीच समन्वय गर्दै लड्दै आएका छौँ ।

१० बर्से महान् जनयुद्धमा हजारौँ तामाङहरूले त्याग र बलिदान गरेका छन् । जनयुद्धमा तामाङ समुदायकी प्रथम सहिद दिलमाया बम्जन, क. बाबुराम लामा 'पुष्प', रुद्र पाख्रिन र हजारौँ तामाङहरूले बेथान, दोरम्बा र अन्य ठाउँमा बलिदान गरेका छन् । हजारौँ तामाङहरू घाइते तथा बेपत्ता भएका छन् । राजधानीको मुटु काठमाडौँ उपत्यकावरिपरि डाँडापखेराहरूमा बसोबास गर्दै आएका तामाङहरूलाई सङ्गठित र गोलबन्द नगरी सामरिक महत्वको काठमाडौँ केन्द्रीय राज्यसत्ता कब्जा गर्न असम्भव छ । सामन्ती हिन्दु शासकले तामाङहरूलाई सुरक्षा निकायमा भर्तीमा रोक लगाई भात पकाउने, भारी बोक्ने, मालीलगायतको तल्लो स्तरको काममा मात्र जागिर दिने गरियो र तामाङ चेलीलाई दरबारमा सुसारे राख्ने नाममा विलासिताको साधनका रूपमा प्रयोग गर्दै आए ।

देशभित्र रहेका तामाङहरू रिक्सा चालक, टेम्पो चालक, ट्याक्सी चालकका रूपमा गुजारा चलाइरहेका छन् र राज्यसत्ताको माथिल्लो निकायमा पुग्न सकिरहेका छैनन् । विशेषगरी तामाङहरूको बसोबास बागमती, जनकपुर, नारायणी अञ्चलका विभिन्न क्षेत्रहरूमा रहेको छ ।

शाहकालको २४० वर्ष, जहानियाँ राणा शासनको १०४ वर्ष, ३० बर्से पञ्चायती निरङ्कुश शासन, बहुदलीय र गणतन्त्रका समयमा पनि तामाङहरूको जीवनस्तर परिवर्तन हुन सकेन । एकाध तामाङ नेताहरू राज्यसत्ताको माथिल्लो निकायमा पुगे, मन्त्री पनि बने तर आफ्नो स्वाभिमान बेचेर मुट्ठीभरका शोषक, सामन्त र दलालहरूको सेवा गर्न पुगे । अहिले २१ औँ शताब्दीमा दुनियाँ भूमण्डलीकरण भइसकेको र विज्ञानप्रविधिको विकासले संसार ज्यादै साँघुरो भएको परिप्रेक्ष्यमा पनि तामाङलगायत अन्य जनजातिको जीवनस्तर उठ्न सकिरहेको छैन । तामाङ जातिको मुक्ति उसको आफ्नो स्वशासन र आत्मनिर्णयबाट मात्र हुन्छ । नेपाली माटोमा मालेमावादको सिर्जनशीलताको प्रयोग गरी 'एकीकृत जनक्रान्ति' बाट मात्र उत्पीडित जाति, क्षेत्र, लिङ्गका जनताको मुक्ति सम्भव छ ।

(ताम्सालिङ जनसरकारको नीति तथा कार्यक्रमको मूल अंश । शीर्षक हामीले दिएका हौं ।)

नेशनल कलेज अफ इन्जिनियरिङ्ग (NCE) को
B.E. भर्नासम्बन्धी सूचना
यस कलेजको B.E भर्ना-२०७४ अन्तर्गत
Electrical र Electronics & Communication Engineering
कार्यक्रममा बाँकी केही सिटहरूका लागि, इ.अ.सं. ले लिएको प्रवेश परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई भर्नाका लागि सम्पर्क गर्न यसै सूचनाद्वारा सूचित गरिन्छ ।

- आफ्नै भवनमा सञ्चालित
- अत्याधुनिक र सुविधा सम्पन्न प्रयोगशाला
- सरल शैक्षिक कर्जाको व्यवस्था
- छात्राहरूलाई विशेष छुट
- भूकम्प पीडितका लागि विशेष सहुलियत

NCE
National College of Engineering
AFFILIATED TO TRIBHUVAN UNIVERSITY
Since 2001 AD
तालछिखेल, सातदोबाटो, ललितपुर
फोन नं. ०१-५५१३८७, ०१६२०३६००



# सप्तकोसी उच्चबाँध

# भारतको बिहार जोगाउने र नेपाल डुबाउने योजना हो

*(नेपालको जलस्रोत र सीमा समस्याका बारेमा सशक्त रूपमा कलम चलाइरहेका अभियन्ता रतन भण्डारीसँग प्रधानमन्त्री शेरबहादुर देउवाको पछिल्लो भारत भ्रमण र नेपाल-भारत सम्बन्धका बारेमा **रातो खबर साप्ताहिक**ले गरेको कुराकानीको सम्पादित अंश)*

**रतन भण्डारी**
जलस्रोत एवम् सीमा अभियन्ता



» ***पञ्चेश्वर परियोजनाबाट कुल उत्पादन क्षमताभन्दा कम मेगावाट विद्युत् उत्पादनमा सहमति भएको भन्ने चर्चा छ। वास्तविकता के हो ?***

पञ्चेश्वर परियोजनाको कुल विद्युत् उत्पादन क्षमताबारे भारतीय दाबी गलत कुरा हो । भारतीय सरकारी कम्पनी वाटर एन्ड पावर कन्सल्टेन्सी सर्भिसेज (वाप्कोस) ले तयार गरेको पञ्चेश्वरको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) मा आयोजनाको क्षमता ४ हजार ८ सय मेगावाट देखाएको छ। तर यसभन्दा अगाडि नेपालले तयार गरेको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (ईआईए) मा पञ्चेश्वरको कुल विद्युत् उत्पादन क्षमता ५ हजार ६ सय मेगावाट रहने भनिएको छ।

» ***नेपालको हितविपरीतको महाकाली सन्धिका आधारमा बन्ने पञ्चेश्वर परियोजना नेपालको हितमा हुन सक्ला ? महाकाली सन्धिको औचित्यमाथि प्रकाश पारिदिनुस् न ?***

नेपालको हितविपरीत भएको महाकाली सन्धिको जगमा बन्ने पञ्चेश्वर परियोजना नेपालको हितमा हुनै सक्दैन । कारण महाकाली सन्धिमै नेपालीको हित खोसिएको छ। सन्धिको धारा ३ मा 'महाकाली नदीको पानीमा आआफ्ना विद्यमान उपभोग्य उपयोगमा प्रतिकूल असर नपर्ने गरी महाकाली नदीको पानीको उपयोगमा पक्षहरूको समान हक रहेको कुरामा दुवै पक्ष मञ्जुर गर्दछन्' भनिएको छ। यसको अर्थ हो भारतले महाकालीबाट उपयोग गरिहेको पानी ९३ प्रतिशत र नेपालले उपयोग गरिरहेको १ प्रतिशतभन्दा पनि कम पानी कटाएर बाँकी रहने पानीमा दुवै देशको बराबर भाग लाग्नेछ। त्यसो भनेपछि भारतले अहिले खाइपाई आएको ९३ प्रतिशत पानीमा भाग नलाग्ने भयो। सबै हिसाब गर्दा बाँकी रहने ६ प्रतिशत पानी दुवै देशको भाग लगाउँदा नेपालको भागमा ३ प्रतिशत पानी पर्ने भयो। पञ्चेश्वर बनिसकेपछि पनि शारदा र तल्लो शारदाबाट भारतले उपयोग गरिरहेको पानी कटाएर बाँकीमा दुवै देशको भाग लाग्ने भनिएको छ। अर्को कुरा महाकाली सन्धिको वैधता नै समाप्त भएको छ। नेपाल-भारतबीच २०५२ माघ २९ गते नयाँ दिल्लीमा महाकाली सन्धिमा प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पीभीनरसिंह रावले हस्ताक्षर गरेका थिए। तत्कालीन संवैधानिक प्रावधानअनुसार महाकाली सन्धि संसद्को दुइतिहाइले अनुमोदन गर्नुपर्ने बाध्यकारी अवस्था थियो। त्यही भएर २०५३ असोज ४ गते नेपालको संसद्को संयुक्त बैठकमा महाकाली सन्धि अनुमोदनका लागि पेस भयो। सत्तारूढ दलहरू नेपाली काङ्ग्रेस, राप्रपा र नेपाल सद्भावना पार्टीका साथै प्रमुख प्रतिपक्षी नेकपा (एमाले) का सांसदहरूले पक्षमा मतदान गर्दै महाकाली सन्धि दुईतिहाइले अनुमोदन गरे। काङ्ग्रेस-पूर्वपञ्चमण्डली र तराईवादी दलहरू लम्पसार परे पनि एमालेले सन्धि पारित हुँदा प्रतिपक्षको धर्म निर्वाह गरेन। देउवा गठबन्धन सरकार विघटन भई लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नेकपा-राप्रपासहित एमालेको गठबन्धन सरकारका बेला भारतीय प्रधानमन्त्री इन्दरकुमार गुजरालको नेपाल भ्रमण भयो। गुजरालको भ्रमणको बेला राष्ट्रिय कलङ्कका रूपमा रहेको महाकाली सन्धि २०५४ जेठ १९ गते दुवै देशका प्रधानमन्त्रीहरूले कार्यान्वयनमा आएको विधिवत् घोषणा गरे। सबैभन्दा अचम्म त के भने देउवा सरकार विघटनपछि लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित राप्रपा-एमाले सरकारका तर्फबाट सरकारमा उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम महाकाली सन्धि कार्यान्वयनको घोषणासभामा उपस्थित थिए। पछि गौतमले महाकाली सन्धिमा एमालेले घात गरेको भन्दै माले गठन गरेका थिए।

मैले यो प्रसङ्ग किन जोडेको हो भने महाकाली सन्धिको धारा १(२) मा भारतले नदी पर्यावरणीय पद्धति कायम राख्न शारदा बाँधभन्दा नदीमा ३५० क्युसेक पानी छोड्ने, धारा २(२) मा सन्धि कार्यान्वयनमा आएको मितिदेखि नेपालले टनकपुर ब्यारेजबाट वर्षायाममा १ हजार क्युसेक र हिउँदमा ३ सय क्युसेक पानी पाउने, धारा ४ मा दोधारा-चाँदनीको सिँचाइका लागि ३ सय ५० क्युसेक पानी नेपालले पाउने कुरा उल्लेख छ। त्यसैगरी सन्धिको अभिन्न अङ्ग सन्धिसँगै आदान-प्रदान भएको पत्राचारको बुँदा १ मा टनकपुर-महेन्द्रनगरसम्मको सम्पर्क सडक सन्धि कार्यान्वयनमा आएको वर्षभित्र निर्माण पूरा गर्ने, बुँदा ३(क) मा पञ्चेश्वरको डीपीआर सन्धि कार्यान्वयनमा आएको मितिले ६ महिनाभित्र पूरा गर्ने, ३(ग) मा पञ्चेश्वरका लागि आवश्यक लगानी १ वर्षभित्र जुटाइसक्ने र ३(ङ) मा पञ्चेश्वरलाई सन्धि कार्यान्वयनमा आएको मितिले ८ वर्षभित्र पूरा गर्ने भनिएको थियो। आज महाकाली सन्धि विधिवत् रूपमा कार्यान्वयनमा आएको २० वर्ष बितिसकेको छ। तर सन्धिमा उल्लिखित कुनै कुराहरू कार्यान्वयनमा नआएकाले महाकाली सन्धिको औचित्य नै समाप्त भइसकेको छ। महाकाली सन्धिको कुनै वैधता छैन। त्यसैले वैधता नभएको महाकाली सन्धिको जगमा बन्ने पञ्चेश्वर परियोजना नेपालको हितमा हुनै सक्दैन। यो कुरा लेखेर राख्नुभए हुन्छ, पञ्चेश्वरका नाममा देश र जनतामाथि अर्को ठूलो राष्ट्रघात हुँदैछ।

» ***महाकालीको पानी र पञ्चेश्वरको बिजुलीको बाँडफाँट कसरी हुनुपर्छ ? भारतले पञ्चेश्वरको डीपीआर बनाउन तदारुकता नदेखाउनुको कारण के होला ?***

महाकालीको पानी उपयोगका सम्बन्धमा महाकाली सन्धि खारेज गरेर समानताका आधारमा नयाँ सन्धि हुनुपर्दछ। सन्धिका नाममा गुमेको महाकालीमाथिको नेपालको हक पुनर्स्थापित गरिनुपर्दछ। महाकाली सन्धिमा नेपालले पाउने पानीको मात्रा उल्लेख गरे पनि भारतले उपभोग गरिरहेको र उसको भाग परेको भनिएको मात्रा कति हो किटान गरिएको छैन। त्यसैले महाकाली नदीको पानी दुवै देशले बराबर हिस्सा लाग्ने गरी भाग लगाइनु पर्दछ। अग्राधिकार र वर्तमान उपभोगलाई असर नपार्ने गरी बचेको पानीमा दुवै देशको समान हक लाग्ने प्रावधान कुनै पनि हालतमा स्वीकारिनु हुन्न। नेपालको भागको पानी नेपालले उपभोग गर्न नसक्दा भारतले प्रयोग गर्नुपर्ने अवस्था आए सो पानीको मूल्य भारतबाट लिनुपर्दछ। भारतलाई नेपालको भागको पानी सित्तैंमा दिइनु हुन्न।

पञ्चेश्वरको बिजुलीको प्रश्नमा नेपालले बराबर बिजुली पाउनुपर्दछ। तर पत्राचारको ३(क) मा लगानीमा हुने बचतका आधारमा खुद विद्युत् लाभको मूल्याकङ्न गरिने जस्तो घुमाउरो अस्पस्ट भाषा प्रयोग गरिएको छ। त्यसैगरी महाकाली सन्धिको धारा २ को ३(ख) पञ्चेश्वर आयोजनाका कारण महाकालीको पानीमा वृद्धि भएको मितिदेखि टनकपुर विद्युत्गृहबाट उत्पादन हुने थप बिजुली नेपालले आधा पाउने भनिए पनि थप बिजुली उत्पादनका लागि टनकपुर विद्युत् गृहको अतिरिक्त सञ्चालन खर्च आधा र थप पुँजी लगानीको आधा हिस्सा बेहोर्ने भनिएको छ।

जहाँसम्म पञ्चेश्वरको डीपीआरको प्रश्न छ, भारतले मातहतको कम्पनी वाप्कोसमार्फत डीपीआर तयार गरिसकेको छ र नेपाल सरकारलाई सो डीपीआर अनुमोदनका लागि भारतले दबाब दिइरहेको छ। स्वतन्त्र निकायले बनाउनु पर्ने पञ्चेश्वरको डीपीआर भारतीय सरकारी कम्पनी वाप्कोसले बनाएको छ। डीपीआरमा वाप्कोसले नियतवस भारतको हात माथि पारेको छ। वाप्कोसले तयार गरेको डीपीआर मेरो हातमा पनि परेको छ र म पढिरहेको छु। त्यसमा मैले नियतवस भारतीय स्वार्थलाई पक्षपोषण गरेको भेटेको छु। पञ्चेश्वरबाट भारतले हात पार्ने तल्लो तटीय लाभलाई लुकाइएको छ। नेपालले पाउने लाभ भनेर बढाइचढाइ गरिएको छ। वाप्कोसले तयार गरेको डीपीआरमा महाकालीको मुहान कालापानीमा देखाइएको छ। त्यसैले म त वाप्कोसले तयार गरेको डीपीआरलाई खुलेर नक्कली दस्तावेज (फेक डकुमेन्ट) हो भन्छु। जबकि पञ्चेश्वरमा हाम्रो मुद्दा भनेको तल्लो तटीय लाभको कुरा हो। बिजुलीभन्दा पनि पञ्चेश्वरमा सञ्चित गरिने पानी र बाढीको नियन्त्रणको मुद्दा प्रमुख हो। हाम्रो भूमि डुबाएर जम्मा गरिने पानी भारतले उपयोग गर्ने र भारतको ठूलो भूभागमा बाढी नियन्त्रण हुने हुँदा भारतले हात पार्ने त्यो लाभको मूल्य नेपालले पाउनुपर्छ। वाप्कोस भारतमा निक्कै बदनाम एवम् विवादास्पद कम्पनी भएकाले यसले तयार गरेका अरु परियोजनाहरूका प्रतिवेदनहरूमाथि पनि प्रश्न उठ्दै आएको छ। वाप्कोसले भुटानमा भारतीय लगानीका परियोजनाहरूको ईआईए निर्माणमा चर्को शुल्क लिएर भारतीय सहयोग फिर्ता लाने गरेको भुटानका जलस्रोतविद्ले अन्तर्राष्ट्रिय सम्मेलनमा बोलेको खुद मैले सुनेको छु।

» ***पञ्चेश्वर निर्माणअघि महाकाली सन्धिका विद्यमान त्रुटिहरू सच्चिनुपर्ने होइन र ? त्यसमा पनि महाकालीको मुहानको अहिलेसम्म पनि टुङ्गो लागेको छैन ? सन्धिमा भएका त्रुटि सच्याउने भनेर संसद्बाट सङ्कल्प प्रस्तावसमेत पारित भएको थियो। सङ्कल्प प्रस्ताव अहिलेसम्म कार्यान्वयनमा आउन नसक्नुको कारण के हो ?***

> **भारतले दोक्लाममा जसरी हस्तक्षेपकारी नीति लिन पुग्यो त्यसको विरुद्धमा चीनले लिपुलेक-कालापानीमा सेना पठाए के हुन्छ भन्ने समाचार बाहिर आएको थियो । तर कालापानी नेपाली भूमि भएकोले त्यहाँ कुनै पनि देशका सैन्य उपस्थिति हाम्रो लागि स्वीकार्य हुन्न । भारतीय सेना जसरी दोक्लामबाट बाहिरियो त्यसैगरी कालापानीबाट बाहिरिनुपर्छ ।**

हो, यो महत्वपूर्ण प्रश्न गर्नुभयो। महाकाली नदीको उपयोगअघि मुहानको मुद्दा किनारा लगाइनुपर्ने हो। महाकालीको मुहान किटान नगरिँदा आज लिम्पियाधुरादेखि कालापानी-लिपुलेकसम्मको ३ सय ८५ वर्गकिलोमिटर नेपाली भूमि भारतीय अतिक्रमणमा परेको छ। महाकालीको मुहान यकिन नगरिँदा सीमा मिचेर भारतीय सुरक्षा फौजले अहिले पनि नेपाली भूमि कालापानीमा बुट बजारिरहेको छ। भारत र चीनबीच लिपुलेक सम्झौता हुनुको कारण पनि महाकालीको मुहानसम्बन्धी विवाद समयमै नटुङ्ग्याउनुले हो। जब कि ऐतिहासिक तथ्य-तथ्याङ्क, नापनक्सा, जलविज्ञानका आधारमा महाकालीको मुहान लिम्पियाधुरा हो, यो निर्विवाद तथ्य हो। तर महाकाली सन्धिले त महाकालीलाई सीमा नदीसमेत नभनी अधिकांश ठाउँमा मात्र सीमा नदी हुने भनेको छ। यो सरासर नेपालमाथि ठूलो धोका हो। अर्को कुरा महाकाली सन्धिसँगै २०५३ असोज ४ गते ४ बुँदे सङ्कल्प प्रस्ताव पारित भएको थियो। सन्धि दुईतिहाइले पारित भएको अवस्थामा सङ्कल्प प्रस्ताव सर्वसम्मतले पारित भएको थियो। सङ्कल्प प्रस्तावमा महाकाली सन्धिमा भएका त्रुटि सच्याउने, महाकालीलाई अधिकांश भागमा मात्र नभई पूर्णतयाः सीमा नदी भनिनुपर्ने, महाकालीको मुहानको टुङ्गो लगाइनुपर्ने प्रावधान छन्। तर आजका मितिसम्म नेपालले सङ्कल्प प्रस्ताव कार्यान्वयनका लागि १९९६ नोभेम्बर २२ का दिन यसबारे भारतीय दूतावासलाई पत्र लेख्नेभन्दा अरू कुनै काम अघि बढाएन। त्यसमा पनि सूर्यनाथ उपाध्यायजस्ता महाकाली सन्धिका वकालतकर्ताहरू यतिबेला आएर नेपालको संसद्बाट महाकाली सन्धिसँगै कुनै सङ्कल्प प्रस्ताव पारित नभएको भन्दै हिँडेका छन्। यो मुद्दा ओझेलमा पर्नुमा भारतपरस्त सरकार, कर्मचारीतन्त्र र महाकाली सन्धि पक्षधर बुद्धिजीवी मुख्य रूपमा जिम्मेवार छन्।

» ***तपाईहरूले हालसालै कालापानीबाट भारतीय सेना हटाउन प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउनुभयो। भारत-चीन दोक्लाम तनावसँग यसको साइनो त छैन ?***

भुटान र चीनबीचको सीमा विवादमा तेस्रो पक्ष भारत जसरी गैरकानुनी रूपमा घुस्यो पछि उसलाई लाज जोगाउनै गाह्रो भयो। जब कि चीनले दोक्लाममा आफ्नो भूमिमा सडक बनाउँदै थियो। त्यहाँ सीमा समस्या नै रहेछ भने पनि त्यो चीन र भुटानको मामिला हो। तर भुटानको सुरक्षा र विदेश नीति अझै आफूमा छ भन्ने देखाउन दोक्लाममा भारत अघि सऱ्यो। अन्ततः चिनियाँ धम्कीपछि निर्लज्ज भएर भारतीय सेना त्यहाँबाट पछि हट्यो। जहाँसम्म कालापानीको प्रश्न छ भारतले हाम्रो भूमिमा गैरकानुनी रूपमा बर्सौंअघिदेखि सुरक्षाफौज राखेको छ। भारतले दोक्लाममा जसरी हस्तक्षेपकारी नीति लिन पुग्यो त्यसको विरुद्धमा चीनले लिपुलेक-कालापानीमा सेना पठाए के हुन्छ भन्ने समाचार बाहिर आएको थियो। तर कालापानी नेपाली भूमि भएकोले त्यहाँ कुनै पनि देशका सैन्य उपस्थिति हाम्रो लागि स्वीकार्य हुन्न। भारतीय सेना जसरी दोक्लामबाट बाहिरियो त्यसैगरी कालापानीबाट बाहिरिनुपर्छ। कालापानीबाट भारतीय फौज हट्नुको विकल्प छैन। यसमा मित्रराष्ट्र चीनको नैतिक सर्मथन छ। दोक्लामबाट जसरी भारतीय सेना पछि हट्यो कालापानीबाट पनि हट्नुपर्छ भन्ने मागसहित हामीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हौं।

» ***ज्ञापनपत्र बुझाउन प्रधानमन्त्रीको भारत भ्रमणकै समय छनोट गर्नुको कारण के हो ?***

भारतीय नाङ्गो सैन्य हस्तक्षेपका कारण अतिक्रमणमा परेको कालापानी र भारत-चीनबीच भएको लिपुलेक दुवै नेपाली भूमि भएकाले यी दुवै मुद्दा प्रधानमन्त्रीको भारत भ्रमणको प्रस्ताव बनोस् र भारतीय समकक्षीसँग कुरा होस् भनेर हामीले प्रधानमन्त्रीको भारत भ्रमणको पूर्वसन्ध्यामा ज्ञापनपत्र बुझाएका हौं।

» ***लिपुलेक र कालापानी मुद्दा उच्चस्तरीय भ्रमणमा उठेनन्। ती मुद्दा सरकारी तहबाट नउठ्दा नेपालले छोडेको अर्थ लाग्न सक्ला ?***

सरकारले नउठाए पनि यी मुद्दाहरू जनस्तरमा हामीले उठाइरहेका छौं। यी मुद्दाहरू स्थापित भएका छन्। भारतले कालापानीमा मात्र होइन, ७२ स्थानमा सीमा मिचेको छ। सरकारले यी कुरालाई सरकारी तहबाट औपचारिक रूपमा उठाउन सकेको छैन। जनस्तरमा आवाज उठिरहेको छ। विरोध भइरहेको छ। नेपाल-भारतबीचको सीमा बैठकमा भारतीयहरूले समेत ७२ स्थानमा सीमा विवाद रहेको कुरा स्वीकार गरेका छन्। त्यसैगरी यो कालापानी-लिपुलेक सीमा विवाद पनि प्रधानमन्त्रीको भारत भ्रमणको प्रस्तावमा नपर्दैमा ओझेलमा पर्छ भन्ने हुन्न। प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा थुप्रै मुद्दा छुटेका छन्। भारतबाट पेट्रोलियम पदार्थ आयातका लागि नेपाली ट्याङ्करहरूले पाउनुपर्ने सुविधा, भैरहवाबाट हवाइ रुटका कुरा, नेपालले फूलबारी-बङ्लाबन्धबाट पारवहन सुविधा पाउने कुरा, नेपाली उत्पादनले भारतीय बजारमा पाउने सुविधा, सीमावर्ती क्षेत्रमा भारतले बनाएका गैरकानूनी संरचनाले तराई क्षेत्रमा सिर्जित डुबान-कटान समस्यालगायत धेरै मुद्दाहरू प्रधानमन्त्रीको भारत भ्रमणको प्रस्तावमा समावेश भएनन्। यसको अर्थ नेपालले यी मुद्दा छोडेको अर्थ लाग्दैन। यी मुद्दा उठिरहन्छन् र उठाई नै रहनुपर्छ।

» ***कालापानीमा चिनियाँ सेना पस्ला भनेर भारत त्रसित भैरहेको चर्चा भारतीय सञ्चारमाध्यममा आइरहेका छन्। त्यसको सङ्केत के होला ?***

कालापानी रणनीतिक र सामरिक हिसाबले अति महत्वपूर्ण स्थानमा छ, जुन भारतको राजधानी दिल्लीबाट करिब ९ सय किलोमिटरको दूरीमा छ। लिपुलेक र कालापानी बाह्रै महिना बस्न र आवतजावत गर्न सकिने नाका र स्थान हुन्। भारतले त्यहाँ गैरकानुनी रूपमा सैन्य अखडा जमाउनुको कारण पनि चीनबाट हुन सक्ने सैन्य चुनौतीको प्रतिरोधका लागि हो। खासमा कालापानीमा चिनियाँ सेना आए के हुने भन्ने समाचार चिनियाँ सरकारी सञ्चारमाध्यमबाट आधिकारिक रूपमा आएको होइन। भारतीय सञ्चारमाध्यम खासगरी प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) ले यो समाचार बाहिर ल्याएको हो। दोक्लाम विवाद विषयान्तर गर्न भारतले कालापानीमा चिनियाँ सेना पस्ने हल्ला गरेको हुनसक्छ।

» ***कोसी उच्चबाँधसम्बन्धी देउवा-मोदी सम्झौतालाई यहाँले कसरी हेर्नुभएको छ ?***

प्रधानमन्त्री देउवाको भारत भ्रमणका क्रममा जारी संयुक्त विज्ञप्तिको बुँदा नं. २८ मा सप्तकोसी उच्चबाँध, सुनकोसी जलाशय र डाइभर्सन स्किमको डीपीआर निर्माणलाई गति दिन दुवै प्रधानमन्त्री सहमत छन् भन्ने सहमति भएको छ। सप्तकोसी उच्चबाँध नेपालको आवश्यकता र प्रथमिकताको परियोजना होइन। नेपालको प्राथमिकताको आयोजना सुनकोसी-कमला डाइभर्सन हो। जाइकाले सन् १९८५ मा तयार गरेको कोसी बेसीनको गुरुयोजनामा सुनकोसी-कमला डाइभर्सन आयोजनाको पहिचान भएको थियो। नेपालले यो आयोजना अघि बढाए बारा, पर्सासम्म सिँचाइ हुन्छ। तर नेपाल सरकार आफ्नो प्राथमिकताको आयोजना छोडेर भारतीय स्वार्थ गाँसिएको सप्तकोसी उच्चबाँधमा लतारिएको छ। जहाँसम्म सप्तकोसी उच्चबाँधको कुरा छ यो बिहारलाई बाढीबाट जोगाउने र नेपाललाई डुबाउने परियोजना हो। २ सय ६९ मिटर उचाइ रहने सप्तकोसी उच्चबाँधले १ सय ९५ वर्ग किलोमिटर नेपाली भूमि डुबानमा पार्नेछ। पूर्वी पहाडका १० जिल्लाका १ लाख बढी मानिसलाई विस्थापित गर्नेछ। त्यसैले यस परियोजनाविरुद्ध विस्थापित प्रभावित समुदाय आन्दोलनरत छन्। खासमा सप्तकोसी उच्चबाँध नेपालको हितविपरीतको परियोजना हो।

» ***भारतीय सेना र नेपाली सेनाबीचमा सहकार्य गर्ने भन्ने सहमतिको अर्थ के हुन सक्छ ? त्यो सहमति नेपालको असंलग्न परराष्ट्र नीति प्रतिकूल भएन र ?***

भारतीय र नेपाली सेनाबीच सहकार्यका विषयमा प्रवेशअघि म यसको

... बाँकी पृष्ठ ७ मा

# माओवाद र एकीकृत क्रान्ति



**कविराज अधिकारी**

माओले कम्युनिस्ट आन्दोलनलाई दिएका योगदानहरूलाई माओवाद मान्ने की माओ विचारधारा भन्ने बहस नेपालमा मात्र होइन संसारभरि नै छ। क्रान्तिलाई केन्द्रविन्दु बनाएर आफ्नो देशको विशिष्ठताअनुसार क्रान्तिलाई अघि लैजानेक्रममा ' माओ विचारधारा' पदावली माने पनि केही थिएन तर माओ विचारधाराको खोल ओढेर माओको योगदानलाई हत्या गर्ने काम सर्वप्रथम माओको मृत्यु पश्चात् चीनमा तेङ् मण्डलीले गर्‍यो।

संशोधनवादीहरूले युगको सिद्धान्तलाई तेर्स्याएर ' वाद' हुनुलाई सिङ्गो युगको प्रतिनिधित्व गरेको हुनुपर्दछ भन्दछन्। मार्क्सवाद पुँजीवादी युगको उपज हो, लेनिनवाद साम्राज्यवादी युगको उपज हो तर माओको कुनै युग नै छैन त्यसकारण माओवाद हुन सक्दैन। मुख्य कुरा मार्क्सवाद-लेनिनवाद विज्ञान हो। के विज्ञानलाई युगमा कैद गर्न मिल्छ ? विज्ञानले भन्दछ एउटा युगमा कैयौँ चरणहरू हुन सक्छन्। यदि युगकै कुरा गर्ने हो भने समाज विकासको दृष्टिले साम्राज्यवाद पनि नयाँ युग नभएर पुँजीवादकै उच्चतम मरणासन्न अवस्था हो। यदि युगलाई नै तेर्स्याउने हो भने लेनिनवाद भन्न मिलेन। लेनिनको योगदानलाई लेनिनवाद भन्न मिल्ने तर माओको योगदानलाई माओवाद भन्न किन नमिल्ने ?

नेपालमा एमालेजस्ता संशोधनवादी पार्टीले माओका खास कुनै मौलिक खोजहरू छैनन् भनिरहेछन्। माओले दर्शनको क्षेत्रमा, राजनैतिक अर्थशास्त्रको क्षेत्रमा, वैज्ञानिक समाजवादको क्षेत्रमा, सैन्य क्षेत्रमा दिएका योगदान के हुन् ? के ती मौलिक खोज होइनन् ? नेपालमा मोहनविक्रम सिंहले त हतारिएर माओवाद भन्न हुँदैन भनिरहेछन्। के सत्य कुरा लेख्न, बोल्न र दह्रोसँग समात्न हतारिने र नहतारिने भन्ने कुरा हुन्छ ?

वर्ग संघर्षको ऐतिहासिक अनुभव र विकासका क्रममा अन्तर र्‍ाष्ट्रिय सर्वहारा वर्गको क्रान्तिको विज्ञानको रुपमा मार्क्सवादको अनुसन्धान, खोजबाट १) वैज्ञानिक दर्शन २) राजनीतिक अर्थशास्त्र ३) वैज्ञानिक समाजवाद, तीन प्रमुख अंग पत्ता लगाउनुभयो। यसैलाई हामी मार्क्सवाद भन्दछौं। मार्क्सवाद विज्ञान भएकाले यसको विकास हुनु स्वभाविक प्रकृया हो। मार्क्सवाद दास्रो र तेस्रो चरणमा विकास भयो। जसलाई हामी क्रमशः लेनिनवाद र माओवाद भन्दछौं।

विश्व अहिले २१ औं शताब्दीमा प्रवेश गरेको छ। यसका साथै कम्युनिस्ट आन्दोलनले पनि तेस्रो सहस्राव्दी र २१ औं शताव्दीमा प्रवेश गरेको छ। यस अवस्थामा विश्व कम्युनिस्ट आन्दोलनको अवस्था राम्रो छैन। विश्व कम्युनिस्ट आन्दोलन अत्यन्त कमजोर अवस्थामा पुगेको छ। विश्वभरी समाजवादको अन्त भएको छ। समाजवादी व्यवस्था कायम भैसकेका देशहरूमा पुँजीवादी व्यवस्थाको पुनस्थापना भैसकेको छ। विश्व कम्युनिस्ट आन्दोलनले आफ्नो रक्षात्मक अस्थित्वको लडाईं लड्नु परेको छ। कम्युनिस्ट आन्दोलनलाई यस अस्थाबाट अगाडि बढाउनका लागि संघर्षकै मैदानबाट मार्क्सवादलाई नयाँ चरणमा विकास गर्न अति आवश्यक छ। अर्थात् दर्शनको क्षेत्रमा, राजनीतिक अर्थशास्त्रको क्षेत्रमा, वैज्ञानिक समाजवादको क्षेत्रमा, सैन्य क्षेत्रमा विकास गर्न अति आवश्यक छ।

त्यसकारण कम्युनिस्ट आन्दोलनको यस अवस्थालाई मध्यनजर गर्दै मार्क्सवादलाई नयाँ चरणमा विकास गर्नका लागि माओका योगदानलाई माओवाद मान्नु अति नै आवश्यक छ।

माओवादको खोलभित्रबाटै नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई संसदीय भासमा लैजाने काम भयो। त्यही संसदीय व्यवस्थाका विरुद्ध बन्दुक उठाउन लगाइयो। हजारौंको अंगभंग, बलिदान भयो, सयौं वेपत्ता भए। ठूलो त्याग तपस्या र बलिदान गरेको माओवादी आन्दोलनलाई संसदीय व्यवस्थामा लगेर विसर्जन गरियो। अब माओवाद मान्नेहरू कुन क्रान्तिकारी, कुन संशोधनवादी भनेर चिन्न नसकिने गरी माकुराको जालो जस्तै गाँजिएर आयो।

माओवाद भन्नेहरू दर्जनौं पार्टी बजारमा देखिने र पुन मिलनको नाटक मञ्चन गर्ने क्रम चलिरहेको छ। तसर्थ माओवाद नेपालको सन्दर्भमा संसदवादीले कब्जामा लिएकाले संघर्षकै मैदानबाट दर्शन, राजनीतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद र सैन्य विज्ञानमा एकीकृत जनक्रान्तिको थप विकास र परिमार्जन गर्‍यो। तसर्थ : एकीकृत जनकान्ति आजको विश्वको मार्क्सवाद, लेनिनवाद र माओवाद हो।

# क्रान्तिकारी युवाहरू सम्मेलनतिर

■ **रोहित ढकाल**/काठमाडौं, **आस्था रुचाल**/पोखरा, **भीम ब. खड्का**/चितवन

'राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालो बजारी र दलाल विरुद्ध संघर्ष गरौं! राष्ट्रिय युवा जनस्वयमसेवकको जिल्ला भेला सम्पन्न पारौं!!' मूल नाराका साथ शनिबार नेकपा निकट युवा संगठन राष्ट्रिय युवा जनस्वयमसेवक कास्कीको दोस्रो जिल्ला भेला भब्यताका साथ सम्पन्न भयो। भेलाले भैरव पुन 'सागर' को अध्क्षतामा १७ सदस्यीय जिल्ला समिति गठन गरेको छ। कार्यक्रममा प्रमुख अतिथि नेकपाका पोलिटब्युरो सदस्य ओमप्रकाश पुन, विशेष अतिथि राष्ट्रिय युवा जनस्वयमसेवकका केन्द्रीय महासचिव विवश राई, अतिथिहरू नेकपाका केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो सदस्य सावित्रा दुरा 'आस्था' र सहिद परिवारलगायतको उपस्थिति रहेको थियो। भेलाको पूर्वसन्ध्यामा पृथ्वीचोकबाट विशाल जुलुश सुरु भई कार्यक्रमस्थल जिरो किलोमिटरको गोल्डेन पार्टी प्यालेसमा पुगेको थियो भने चुनु-शिल्पा सांस्कृतिक परिवारको बेजोड प्रस्तुतिसमेत रहेको थियो।

राष्ट्रिय युवा जनस्वयमसेवक चितवनको चौथो जिल्ला सम्मेलन शुक्रबार सम्पन्न भएको छ। सम्मेलनले अटल श्रेष्ठको अध्यक्षतामा २७ सदस्यीय जिल्ला संगठन समिति चयन गरेको छ। कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा पश्चिम ताम्सालिङ ब्युरो इन्चार्ज आजादले प्रमुख आतिथ्यता, पार्टी केन्द्रीय सदस्य प्रज्वलनले विशेष आतिथ्यता ग्रहण गर्नुभएको थियो भने जिल्ला इन्चार्ज लालबहादुर बीसी, ब्युरो सदस्य लालबहादुर तामाङ, संगठनका केन्द्रीय सदस्य तथा ब्युरो संयोजक विरोचनलगायतको उपस्थिति रहेको थियो। सम्मेलनको पूर्वसन्ध्यामा वीरेन्द्र क्याम्पस भरतपुरबाट निस्केको विशाल जुलुश सहिद चोक हुँदै कार्यक्रम स्थल नारायणी किनारको जेसिस भवन पुगेको थियो।

राष्ट्रिय युवा जनस्वयम सेवकको तनहुँ जिल्ला भेला भब्यरुपमा सम्पन्न भएको छ। १६ गते दमौलीमा सम्पन्न भएको भेलाले राजु विक 'एटम' को अध्यक्षतामा १७ सदस्यीय जिल्ला संगठन समिति गठन गरेको छ। कार्यक्रममा नेकपाका पोलिटब्युरो सदस्य ओमप्रकाश पुनले प्रमुख आतिथ्यता, राष्ट्रिय युवा जनस्वयमसेवकका केन्द्रीय महासचिव विवश राईले विशेष आतिथ्यता ग्रहण गर्नुभएको थियो भने नेकपा केन्द्रीय सदस्य तथा गण्डक ब्युरो इन्चार्ज सावित्रा दुरा 'आस्था' लगायतको उपस्थिति रहेको थियो। भेलाको पूर्वसन्ध्यामा विशाल जुलुश निकालिएको थियो। जुलुशले दमक नगर परिक्रमा समेत गरेको थियो।

# दार्चुलामा महाकाली सन्धीको विरोध

■ **रातो खबर संवाददाता**

महाकाली सन्धिको विरोधमा नेकपा दार्चुलाले खलंगामा विरोध गरेको छ। सदरमुकाम खलंगामा भएको असमान एकीकृत महाकाली सन्धि, पञ्चेश्वर र राष्ट्रघात विषयक गोष्ठिमा बोल्ने अधिकाँश वक्तहरूले सो विरोध गरेका हुन्। भदौ २५ गते सम्पन्न सो गोष्ठिमा नेपाली काँग्रेसका पदमराज पन्त, एमालेका नरबहादुर दमै, मसालका मनराम दमाई, राप्रपा (थापा) का करण बडाललगायतका वक्ताहरूले महाकाली सन्धि नेपालको हितमा नभएकोले खारेजगरी नयाँ सन्धि गर्नुपर्ने बताएका थिए। कार्यक्रमको अध्यक्षता नेकपा दार्चुला सेक्रेटरी विराटले गरेका थिए। सदरमुकाम खलंगाबाट प्राप्त पछिल्लो समाचार अनुसार २७ गते गोकुलेश्वरमा नेकपाले भण्डाफोर रभा सम्पन्न गरेको छ।

# ओखलढुंगा मञ्चमा भण्डारी

■ **रातो खबर संवाददाता**

ओखलढुंगा-काठमाडौं जनगणतान्त्रिक सम्पर्क मञ्चको अध्यक्षमा रामकृष्ण भण्डारी निर्वाचित भएका छन्। शनिबार त्रि-चन्द्र क्यामपसमा भएको प्रथम ओखलढुंगा जिल्ला सम्मेलनले भण्डारीको नेतृत्वमा ६ सदस्यीय रिक्तसहित १५ सदस्यीय कार्यसमिति चयन गरेको हो। कार्यसमितिका सदस्यहरूमा उपाध्यक्षहरू हरि श्रेष्ठ, दिलु राई, निरा सुवेदी, सचिवमा विनम राई, सहसचिवमा मोहन परिवार, दिपक बस्नेत, कोषाध्यक्षमा तीलबहादुर बुढाथोकी, सदस्यहरूमा ममृत खत्री, नविन पुलामी, कुमार बास्तोला, सीताराम भुजेल, डिल्ली पौडेल, तीलक श्रेष्ठ, सुमन आचार्य छन्। उक्त सम्मेलनले ७ सदस्यीय सल्लाकार समितिसमेत चयन गरेको छ। सल्लाकारहरूमा पुस्कर श्रेष्ठ, कमल ढुंगाना, अमृत बस्नेत, विमल ढुंगेल विमल खड्का, नारायण तोलांगी, वेदकाजी ढुंगाना रहेका छन्। कार्यक्रमको पमुख अतिथि नेकपाका केन्द्रीय सल्लाकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका', अतिथिहरू नेकपाका वैकल्पिक केन्द्रीय सदस्य तथा सम्पर्क मञ्च साधारण शाखा इन्चार्ज मकर गुरुङ, रातो खबर प्रकाशन गृह प्रालिका प्रवन्ध निर्देशक भीम चापागाईं रहेका छन्। कार्यक्रमको प्रमुख अतिथि असारे काकाले ओखलढुंगासँग मेरो आत्मीय सम्बन्ध छ। जनगणतान्त्रिक सम्पर्क मञ्चको लाल झुपडी निर्माण गर्दै हामीले संगठन निर्माण गरेको बताउनुभयो। उहाँले 'दुनियाँमा बेइमान मात्र हुदैनन् इमानदार पनि हुन्छन्। प्रचण्डले क्रान्तिका लागि धोका दिए। तर इमानदार हरूले क्रान्तिको नेतृत्व गर्छन्।' क्रान्तिको नेतृत्व नेकपाका महासचिव विप्लवले गर्ने बताउनुभयो। साथै असारे काकाले नवनिर्वा्चित कार्यसमितिका सदस्यहरूलाई बधाई शुभकामना व्यक्त गर्नुभयो।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. ज्ञानबहादुर विसुराल
शिखर पोल्ट्री ब्रिडिङ्ग प्रा.लि.
कर्पोरेट कार्यालय : रत्ननगर-१, टाँडी, चितवन
मो. ९८५५०५८९४३

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
बाबुराम ढकाल
ओम धार्मिक पुस्तक पसल तथा पूजा सामग्री
भरतपुर महानगरपालिका-१, पुतली बजार, नारायणगढ
मो. ९८५५०६४९३२

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
उमाशंकर ट्रष्ट नेपाल
भरतपुर महानगरपालिका-०१, लिलाचोक

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. कृष्ण अधिकारी
लाइभ केयर नेपाल प्रा.लि.
भरतपुर महानगरपालिका-४, चितवन
पेन्सिन क्याम्प अगाडी

## लोकप्रिय भारतीय ...

कलवर्गीका सम्बन्धमा भयो) र मान्छे मारेर उनीहरू उत्सव मनाइरहेका छन् । (जस्तो डाक्टर यू.आर. अनन्तमूर्तिका सम्बन्धमा भयो) । म यस्ता मान्छेका नाम दिन सक्छु र म तपाईंलाई विश्वासका साथ भन्छु, के गरेर हुन्छ, उनीहरू मेरो हत्या गर्न खोजिरहेका छन् ।'

गौरीलाई भाजपाका कार्यकर्ताले मोदीको विरोधमा नलेख्न, धर्मनिरपेक्षताको वकालत नगर्न र भाजपा नेताहरूको भ्रष्टाचारका विषयमा नलेख्न धम्की दिँदै आएका थिए । सामाजिक सञ्जालमा कट्टरपन्थीद्वारा छादिएको दुर्गन्ध र फोनमा आएका धम्कीका कारण उनलाई आपराधिक पृष्ठभूमिको भाजपाका अपराधी झुण्डले हत्या गर्न सक्छन् भन्ने महसुस भैरहेको थियो। आफ्नो हत्या षड्यन्त्र भैरहेको सार्वजनिक गरेको एक वर्षभित्रै अघिल्लो मंगलबार राति आफ्नो साप्ताहिक अखबारको कार्यालयबाट फर्केर घरको ढोका खोल्दै गर्दा दक्षिण भारतीय राज्य कर्नाटकको बैंगलुरुस्थित निवासमा भट्भटेमा आएको अपराधी समूहले गोली हानी उनको हत्या गरेको छ। स्थानीय कन्नड भाषामा निस्कने साप्ताहिक 'गौरी लंकेश पत्रीके' की उनी सम्पादक थिइन् । उनका पी लंकेश पिताले सो अखबार स्थापना गरेका थिए। पिताको देहान्तपछि गौरीले त्यसलाई निरन्तरता दिएकी थिइन् । उनलाई भाकपा (माओवादी) प्रति सहानुभूति राख्ने पत्रकारका रुपमा पनि चिनिन्थ्यो । यद्यपि उनी माओवादी थिइनन् भन्ने स्पष्टै थियो । सत्ता आलोचक डा. नरेन्द्र दभोल्कर, गोविन्द पसारे, एमएम कल्बुर्गीको हत्याकै सिलसिलामा गौरी हत्यालाई हेरिएको छ । भारतमा भाजपा सत्तारुढ भएपछि सत्ता आलोचक बुद्धिजीवीहरू मारिने क्रम तीव्र भएको छ । बिहार निवासी दिल्ली कार्यक्षेत्र भएका विद्यार्थी नेता कन्हैया कुमारको आवाजलाई उनले प्राथमिकतासाथ स्थान दिने गरेकी थिइन् ।

गौरीको अन्तिम सम्पादकीय 'फेक न्युज के खिलाफ' थियो । त्यसमा गौरीले मनगढन्ते समाचार र 'फोटो सप' प्रविधिलाई दुरुपयोग गरेर भाजपाका पेसेवार अपराधीहरूले कसरी साम्प्रदायिक हिंसा भड्काउने गरेका छन् भन्ने विषय उदाङ्गो पारेकी थिइन् । हेरौं एउटा अंश- 'हालै पश्चिम बंगालमा जब दङ्गा भयो तब आर.एस.एस.का मान्छेहरूले दुईवटा पोस्टर टाँसे । एउटा पोस्टरमा बङ्गाल जलिरहेको उल्लेख थियो । जसमा राज्यको सम्पत्ति जलिरहेको देखाइएको थियो । एकजना महिलाको सारी तानिरहेको देखाइएको थियो जसमा बङ्गालमा हिन्दु नारीमाथि अत्याचार भैरहेको भनिएको थियो। तुरुन्तै त्यो फोटोको यथार्थ सार्वजनिक भयो। पहिलो फोटो गुजरात दङ्गाको थियो, दोस्रो फोटो कुनै भोजपुरी चलचित्रको थियो । आरएसएसका कार्यकर्ता मात्र होइन, भाजपाका केन्द्रीय मन्त्री नै यस्तो नक्कली समाचार सार्वजनिक गर्छन् ।'

यसरी गौरीले भाजपा र अपराधी गिरोहको धज्जी उडाउने गरेकी थिइन् । गौरीको हत्यापछि भारतमा अभिव्यक्ति स्वतन्त्रताका लागि सबै मिलेर लड्नुपर्ने आवाज उठ्न थालेको छ ।

## प्रचण्डका ६ केन्द्रीय ...

प्रवेश गर्ने बुद्धिजीवी नेता कुलानन्द गिरीले नेपालमा अधुरो रहेको क्रान्ति पूरा गर्नका लागि आफू नेकपामा समाहित भएको बताए। यस्तै वैद्य माओवादीका झपेन्द्र वैद्यले क्रान्ति गर्न चाहने र क्रान्तिकारी पार्टीको खोजीमा रहेकाहरूलाई नेकपामा समाहित हुन आग्रहसमेत गरे । माओवादी केन्द्रका धर्मजित नेगीले माओवादी केन्द्रको ताण्डव नृत्य हेरेर बस्न नसकेकै कारण आफू क्रान्तिकारी पार्टी खोज्दै नेकपामा सामेल भएको बताए। ध्रुवीकरण कार्यक्रमको अध्यक्षता महासचिव विप्लवले गरेका थिए भने स्थायी समिति सदस्यहरू सुदर्शनले सञ्चालन र विषमले स्वागत गरेका थिए।

### आफ्नै सूचना

देशभरिका सबै विक्रेता र विज्ञापन सहजकर्ताहरूलाई पत्रिकाको हिसाव चुक्ता गर्न अनुरोध छ । अन्यथा पत्रिका पठाउन नसकिने व्यहोरा सूचित गरिन्छ ।

व्यवस्थापकः
रातोखबर प्रकाशन गृह

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
कृष्णभक्त पोखरेल
सांसद
क्षेत्र नं. ३, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. मुक्ति पिया
इन्द्रदेव चलचित्र मन्दिर
पभरतपुर महानगरपालिका-१, इन्द्रदेवमार्ग,
नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिनेश चुके
होटल गंगोत्री प्रा.लि.
भरतपुर महानगरपालिका-१ पुलचोक
नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. राम प्रसाद सुवेदी
राम मिष्ठान्न भण्डार
भरतपुर महानगरपालिका-१, सहिदचोक
नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
खेमबहादुर हमाल
म्यानेजिङ डाइरेक्टर
एल.बि. अटो मोबाइल एण्ड रिकण्डिशन
भरतपुर महानगरपालिका-१०,एयरपोर्ट रोड, चितवन
मो.नं. ९८५५०६५४१४

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. दिनेश राठी
जय मातादी प्याकेजिङ प्रा.लि.
भरतपुर महानगरपालिका-३
नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. कृष्ण प्रसाद सापकोटा
वैष्णव मिठाइ तथा शुद्ध शाकाहारी रेष्टुरेण्ट
भरतपुर महानगरपालिका-१, सहिदचोक, नारायणगढ, चितवन
मो.नं. ९८४५२४६०९४

शुभकामना
शुभ विजया दशमी, दिपावली तथा छठ पर्व २०७४ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शिवशक्ति खाद्य उद्योग प्रा.लि.
रत्ननगर न.पा.-४, डेबौली, चितवन

रातो खबर साप्ताहिक

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बद्री पौडेल
अध्यक्ष
चितवन यातायात व्यवसायी संघ (छाहारी)
भरतपुर महानगरपालिका-४
छाहारी बसपार्क, चितवन

प्रो. ज्ञानेन्द्र क्षेत्री चापागाई
कान्तिपुर इन्टरप्राइजेज एण्ड कार डेकर
भरतपुर महानगरपालिका-१०, चितवन
मो.नं. ९८४९१०५२४

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. सागर क्षेत्री
न्यू इङ्ल्याण्ड बाइक रिकण्डिशन एण्ड सर्भिस सेन्टर
भरतपुरहाइट, चितवन
मो.नं. ९८४५९२२२३५

आर.के. ट्रेडिङ्ग कर्न्सन
मेनरोड, नारायणगढ, चितवन
फोन नं. ०५६-५२०२०४

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. वीरबहादुर गुरुङ्ग
आधुनिक पोल्ट्री ट्रेडर्स
भरतपुर महानगरपालिका-३
नारायणगढ, चितवन

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अलखालिज मेडिकल सेन्टर
चुच्चेपाटी, काठमाडौं

# वैज्ञानिक समाजवाद आजको अपरिहार्यता

विनोदकुमार थापा



कम्युनिस्ट पार्टी स्थापना भएको २ वर्षपछि नेपालमा मजदुर संगठन निर्माण भएको हो । उद्देश्य-लक्ष्य एउटै थियो, मजदुर वर्गीय सत्ता स्थापना गर्ने । श्रमजीवी मजदुर आन्दोलन क्रमशः उठ्दै गयो । कम्युनिस्ट पार्टीको आलोकमा खडा भएको मजदुर संगठनले देशका विभिन्न ठाउँमा रहेका औद्योगिक क्षेत्रहरूमा आन्दोलन तथा संघर्षहरू उठान गरे । तर नेपालको कम्युनिस्ट पार्टीमासमेत अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा जस्तै एकातिर क्रान्तिकारी आशावादी देखा पऱ्यो भने अर्कोतिर पार्टीभित्र सामन्तवाद तथा पुँजीवादका दलालहरूको घुसपैठले मजदुर आन्दोलनलाई कमजोर बनाउने, कम्युनिस्ट पार्टीबाट पृथक राख्ने र केवल अर्थवादी दलदलमा फसाउने षड्यन्त्रको पनि शुरुवात भयो । यसका बावजुद पनि संघर्ष अगाडि बढी नै रह्यो । पञ्चायती एकदलीय तानाशाही व्यवस्थामा पनि खुल्ला र भूमिगत शैलीमा मजदुर संगठनले आफ्नो गतिविधिहरू बढाइ नै रहे । यसैक्रममा नेपाली श्रमजीवी मजदुर वर्गले २०४६ सालमा एकदलीय व्यवस्थाको अन्त्य र प्रतिस्पर्धात्मक बुहदलीय व्यवस्था स्थापनाका लागि जनआन्दोलनमा भाग लिए, बलिदान गरे । तत्पश्चात बहुदलीय व्यवस्थाको स्थापना भयो । राजनीति स्वतन्त्रता, जनतन्त्र, जनजीविका र जनताको शासन प्रणालीको सुत्रपात गर्ने उद्देश्यले जनताले गरेको त्याग, श्रमिक मजदुरले गरेको समर्पण र बलिदानको धज्जी उडाउँदै संसदवादीहरूले साम्राज्यवाद र भारतीय विस्तारवादको गुरुयोजनामा जनताले अस्वीकृत गरेको राजासँग साँठगाँठ गरी संवैधानिक राजतन्त्र बहुदलीय प्रजातन्त्रको शासन व्यवस्था लागू गरे । नोकरशाही पुँजीवादी प्रणालीलाई प्रश्रय दिए । फलस्वरुप श्रमिक मजदुर वर्गको दैनिक जीवनमा ठूलो बज्रपात हुन पुग्यो । जनघाती सरकारले खुल्ला उदारीकरणको नीति लिन पुग्यो भने राज्य मातहतका उद्योग, कारखानाहरू एकपछि अर्को बन्द हुँदै गए । नेपालमा ख्याति कमाएको बाँसबारी छालाजुत्ता कारखाना, विराटनगर जुटमिल, भृकुटी कागज कारखाना बन्द भए भने हजारौं मजदुरहरू रोजगारीबाट विमुख हुन पुगे । फलस्वरुप दलालहरूको अधिनमा रहेका उद्योग कलकारखानाहरू संचालनमा आए । यिनै अस्थिरता र अराजकताको कारण दिनानुदिन बेरोजगारी, भोकमरी बढ्दै गयो । आधारभूत वर्गले स्वतन्त्रता र मुक्ति पाएनन् बरु जातीय उत्पीडन, महिला हिंसा, हत्या, बलात्कार, अन्याय-अत्याचारले चरम रुप लिंदै र सीमा नाघ्दै गयो । यिनै उत्पीडित जनताको पूर्णमुक्तिको लागि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०५२ साल फागुन १ गतेदेखि जनयुद्ध शुरु गऱ्यो । जनयुद्धको आँधिमय भीषण संघर्षहरूमा श्रमिक मजदुर वर्गले आफ्नो संगठनको बलबाट मातृ पार्टीको योजना र निर्देशनमा मजदुरमारा दलाल उद्योगहरूमाथि क्रान्तिकारी धावा बोले, फौजी हमला गरे । प्रतिक्रियावादी शासकको निन्द्रा हराउन पुग्यो । जनयुद्ध प्रत्याकरणको चरणमा पुग्यो । राज्यले संकटकाल लगायो । आतङ्ककारीको अध्यादेश जारी गऱ्यो । निर्दोष श्रमिक मजदुरमाथि धरपकड, दमन र हत्याको बर्वरपूर्ण श्रृङ्खलालाई अगाडि बढायो । त्यसक्रममा सयौँ श्रमिक मजदुरहरू जेल परे, हिरासतमा यातनाको सिकार बने, कैयौँ बेपत्ता छन्, दर्जनौँले सहादत प्राप्त गरे । यिनै संघर्षको बलबाट निरङ्कुश राजतन्त्रको अन्त्य भयो । २०६२/०६३ को जनआन्दोलनपछि नेपालमा लोकतान्त्रिक व्यवस्था आयो तर महान जनयुद्धको स्वर्णीम सपनाहरू त्यत्ति कै थाति रहेका छन् । श्रमजीवी मजदुरको पक्षमा नीति बनेको छैन । एकथान संविधान त बन्यो तर जनतालाई सम्बोधन गर्न सकेन । दलीय भागबण्डामा फेरि पनि जनतामाथि असफल संसदीय व्यवस्था लाद्न शासकहरू कम्मर कसेर लागेका छन् । मजदुर युनियनहरूले आंशिक सफलताबाहेक पूर्ण सफलता पाउन सकेनन् । जुन व्यवस्थाको विरुद्ध संघर्ष गऱ्यौं, त्यही राज्यव्यवस्थामा आत्मसमर्पण गर्न नवसंशोधनवादी ट्रेड युनियनहरू लागिरहेका छन् । संसदवादी र नवसंशोधनवादीको गठजोडमा मुलुकलाई अनिर्णयको बन्धक बनाइराख्ने दुस्साहस गर्दै छन् । यि व्यवस्थाका पक्षपाति दलालहरू अझै श्रमिक मजदुरको ताकतलाई बेवास्ता गर्दै छन् । भविष्यमा क्रान्तिकारी मसाल बाली यिनीहरूको शिविरमा भूकम्पको त्रायमान कम्पन दिन जरुरी छ । किनभने यिनीहरूले मजदुर विरोधी विशेष आर्थिक क्षेत्र ऐन, २०७३, औद्योगिक व्यवसाय ऐन पारित गरेका छन् । यसले श्रमिक मजदुर वर्गलाई शान्तिपूर्ण आन्दोलन गर्न पाउने अधिकारलाई कुण्ठित तुल्याएको छ । 'हायर एण्ड फायर', 'नो वर्क नो पे' जस्ता मजदुरविरोधी नीति लागू गरी न्यूनतम मानवीय अधिकार कथित लोकतन्त्रसम्मको उपहास गरेको छ । तसर्थ यो कथित संसदीय लोकतन्त्रले कसको हितमा काम गरेको छ ? सोझा मेहनती श्रमिक मजदुरलाई प्रष्ट आभास दिलाएको छ, यो व्यवस्थाको विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले अगाडि ल्याएको एकीकृत जनक्रान्तिको राजनीतिक कार्यदिशालाई आत्मसात गर्दै पार्टीको आलोकमा खडा रहेको अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ र यसको घटक पेशागत संघहरूमा आजैदेखि आबद्ध भइ अधुरो मजदुर क्रान्तिलाई थप व्यवस्थित गर्न क्रान्तिकारी हस्तक्षेपद्वारा मजदुरमारा दलाल तत्वलाई परास्त गर्न श्रमिक विरोधी श्रमऐन नियम, खारेजी गर्दै वैज्ञानिक समाजवादी व्यवस्थाको लागि लामबद्ध होऔँ, मुक्ति सम्भव छ ।

LALITPUR ENGINEERING COLLEGE
(Affilitated to Tribhuvan University)

Courses Afford

Civil Engineering :
48 seats
Computer Engineering :
48 seats



Chakupat, Lalitpur, Ph no.: 01-5260216/5260215, Fax No: 01-5260215,
Email: info@lec.edu.np, URL: www.lec.edu.np


## कविता

### दशैंमा घर आऊ

कल्पना वान्तवा

अब त त्यता पनि क्रमशः
घाम मत्थर हुँदै होला
दशैंपूर्वको शीतल उन्मदले
मरुभूमिलाई पनि कताकति छोयो होला
शीरमा थापेर दुर्गामाता
सुखद सम्भावनाका जमरा
मनै-मन उमाऱ्यौं होला,
रंगिन सपनाका अक्षताहरू
कल्पनामा बिस्कुन लायौ होला,
सपनामै मच्चाएर लिङ्गे पिङले तिमिलाई
कति बाजी सत्यको भुइँमा पछाऱ्यो होला,
रमझम यो गाउँ-घरको सम्झेर
कठै ! तिम्रो गोठ र माजरा पनि,
तिमीसँगै कति न्यास्रियो होला
के साँच्चै आउन्नौ यसपाली ?
तिमीबिना तित्त उदास छ
सारा रौनक फिका,
तिम्रो आउनुको मात्र एउटा आस छ
बतास चल्न रोकिएको कि सास,
ठम्याउनै मुस्किल
चुँडिएको रङ्गासँगै मन,
सिमलको रुखमा अल्झेको छ
हररात रोएकी छु म पनि कति,
यो विछोडको घाउ सधैं बल्झँदो छ
कुनै जुक्तिले जसरी भए पनि आऊ
यो दशैंमा घर आऊ ।

### सम्झिएर बेपत्ता उज्यालोलाई



रसुवाली कवि

चैत्र मासको उखुरमाउलो याम
नदीहरूलेझैँ सल्लाहरूले सुसेली हालिरहेको क्षण
तिमी हरायौ
जसरी हराउँछ यो युगमा मान्छेको अस्मिता
जसरी हराउँछ आमाकै हातबाट बच्चा
तिमी हरायौ
बेखबर छन् मनहरू
आँसुहरू झरेनन् आक्रोशहरू उम्लिए

तिमीले भन्यौ
यो देशमा नौलो विहान ल्याउनुपर्छ
चराहरूलाई उड्न दिनुपर्छ
पखेटा काट्नुहुन्न
के यो देशमा तिमीले
न्याय माग्नु गलत थियो ?
के यो देशमा तिमीले
हृदय खोलेर हाँस्नु गलत थियो ?

कुन चैँ भैरवनाथ गणले ढगमगाउन सक्ला
तिमीले बोकेको अस्मिता ?
कुन चैँ कानूनले वर्जित गर्न सक्ला
तिम्रो आस्थाको मसाललाई ?
कुन चैँ आगोले जलाउन सक्ला
आगो नै आगो बोकेको मान्छेलाई ?
कसरी समाप्त गर्न सक्ला
मसिनो हावाले आँधीलाई ?

कवि निरविक्रम प्यासीको कविता जस्तो
उदास सत्ताले
कसरी बुझ्छ होला
रातो रङको सौन्दर्य शास्त्र ?
तिमी भन्थ्यौ
विचारको हृदय जल्दैन
आस्थाहरू वेलुन झैँ फुट्दैनन्
विचारहरू वारुद झैँ हुन्छन्
हो रहेछ
विचारहरू फेरि वारुद हुन खोज्दैछन्

जून उदाएको यो सुमधुर साँझ
तिमीलाई सम्झिरहेछु
यो शीतल जुनेली प्रकाश तिमी नै हौ
यो मन्द मन्द प्रकाश तिमी नै हौ
यो उदाउँदै गरेको विहान तिमी नै हौ
प्रिय योद्धा तिमी हरायौ
अब हामी हराउनेछैनौँ

## सप्तकोशी उच्च बाँध ...

ऐतिहासिक पाटोलाई केलाउन चाहन्छु । भारत स्वतन्त्र भएपछि तत्कालीन गृहमन्त्री सरदार बल्लभभाइ पटेलले भारतको आन्तरिक र बाह्य सुरक्षाबारे रक्षाउपमन्त्री आनन्द सिंहजी र ब्रिगेडियर जनरल थोराटको संयोजकत्वमा दुईवटा समिति गठन गरिएका थिए । त्यसमध्ये थोराट समितिको प्रतिवेदनले नेपालको उत्तरी सीमामा भारतीय सेनाका जाँचचौकी राख्नुपर्ने अवधारणा अघि सारेको थियो ।

पटेलले ७ नोभेम्बर १९५० मा प्रधानमन्त्री नेहरूलाई पत्र लेख्दै नेपाल, भुटान र सिक्किमलाई भारतमा गाभ्नुपर्छ भनेका थिए । नेपालको सौभाग्य मान्नुपर्ला, नेहरूलाई पत्र लेखेको ३९ दिनमै अर्थात् १५ डिसेम्बर १९५० मा पटेलको निधन भयो । पटेलको मृत्युले उनको नेपालप्रतिको वक्रदृष्टिले साकार रूप लिन पाएन ।

भारतसँगै स्वतन्त्रतापछि भारतका तर्फबाट ब्रिटिस इन्डियाले नेपालसँग सन्धिसम्झौतालाई यथास्थिति सन्धिका नाममा मान्यता दिएको थियो । तर चीनमा कम्युनिस्ट पार्टीले १९४९ मा सत्ता हातमा लिएपछि र सन् १९५० मा तिब्बत विधिवत् रूपमा चीनमा गाभिएपछि भारत अत्तालियो । त्यसपछि भारतले हिमाली राष्ट्रहरू सिक्किम, भुटान र नेपालसँग नयाँ सन्धिसम्झौता गर्दै ब्रिटिस-इन्डियाको समयमा भार तसँग भएका सन्धिसम्झौता विस्थापित गऱ्यो । भारत-सिक्किमबीच १९४९ र भुटान-भारतबीच १९५० मा मैत्री सन्धिमा हस्ताक्षर भयो । नेपाल-भारतबीच १९५० जुलाई ३१ मा शान्ति तथा मैत्री सन्धिमा हस्ताक्षर भयो । यी सन्धिसम्झौतामा भारतले सिक्किमलाई संरक्षित राष्ट्, भुटानको पराराष्ट्र र सुरक्षा घोषित रूपमा आफूमा राख्यो भने नेपाललाई सार्वभौमसत्ता सम्पन्न राष्ट्रका रूपमा सन्धिमा हस्ताक्षर गऱ्यो । तर भारतबाट मात्रै हतियार किन्नुपर्ने, कुनै अर्को राष्ट्रसँग युद्ध भए एकअर्को देशलाई जानकारी गराउनुपर्ने जस्ता नेपालको सार्वभौमिकताविरोधी प्रावधान सन्धिमा राखेर भारतले नेपालको सुरक्षा आफ्नो नियन्त्रणमा राख्यो । त्यसपछि विसं. २००८ सालमा मातृकाप्रसाद कोइरालाको सरकारका पालामा नेपाली सेनालाई तालिम दिने नाममा भारतीय मिलेट्री मिशन नेपाल आयो । मातृका सरकारले त्यसपछि नेपालमा उत्तरी सीमामा भारतलाई १८ स्थानमा जाँचचौकी राख्न दियो । ती जाँचचौकी पछि प्रधानमन्त्री कीर्तिनिधि बिष्टको पालामा हटाइए । २०१० सालमा मातृका सरकारका पराराष्ट्रमन्त्री डिल्लीरमण रेग्मीले त नेहरूसँग नेपालको पराराष्ट्र नीति पनि भारतसँग सहकार्य गरिने, नेपालको आफ्नो कूटनीतिक नियोग नभएका देशहरूमा भारतीय नियोगले नेपाल आउने विदेशीका लागि भिसा जारी गराउनेजस्ता घातक प्रावधानमा छलफल गरेका थिए ।

देउवा-मोदी सहमतिमा नेपालको विदेश नीतिमा भारतसँग सहकार्य गर्ने भनिएको छ । यो कुरा नेहरूको टिपोटमा छ । मैले यो प्रसङ्ग किन जोडेँ भने भारत सन् १९५० यता नेपालको सुरक्षा र पराराष्ट्र नीति सम्बन्धित छ भनेर देखाउँदै आएको छ । भारतले अघोषितरूपमा नेपालसँग साझा सुरक्षा र साझा पराराष्ट्र नीतिको जालोमा जेल्दै आएको छ । 'म्युचुअल सेक्युरिटी एण्ड कोअर्डिनेशन' शब्दावली प्रयोग गर्न छुटाएका छैनन् । यसैका उपज हुन् भारतीय सेनापतिलाई नेपालमा र नेपाली सेनापतिलाई एकअर्को देशको मानार्थ सेनापतिको दर्जा दिनु । भारतीय सेना र नेपाली सेनाबीच संयुक्त सैन्य अभ्यास, नेपाल-भारत संयुक्त सीमा जाँचचौकी आदि । हुँदाहुँदा सुशील कोइराला नेतृत्वको सरकारका पराराष्ट्रमन्त्री महेन्द्र पाण्डेले भारतीय पराराष्ट्रमन्त्री सुष्मा स्वराज नेपाल भ्रमणमा आउँदा जारी भएको संयुक्त वक्तव्यको ६ बुँदामा अन्तर्राष्ट्रिय मामिलामा नेपाल-भारत समान धारणा राख्नेछन् भन्ने नेपालको सार्वभौमिकता विरोधी गम्भीर बुँदामा हस्ताक्षर गरेर नेपालको पराराष्ट्र नीति भारतलाई बुझाएका छन् । पराराष्ट्रमन्त्री पाण्डेले हस्ताक्षर गरेको सोही बुँदालाई प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको बेला जारी २५ बुँदे संयुक्त विज्ञप्तिको बुँदा ११ मा समेटेर भारतले नेपालको पराराष्ट्र नीति फुत्काइसकेको छ । पराराष्ट्रमन्त्री पाण्डे र प्रधानमन्त्री प्रचण्डद्वारा नेपालको विदेशनीति भारतलाई बुझाउने गरी भएका यी सहमति अक्षम्य राष्ट्रघात हुन् । तर यस गम्भीर विषयमा अहिले कोही बोलेका छैनन् ।

भारत र नेपाल अन्तर्राष्ट्रिय मामिलामा समान धारणा राख्दछन् भनेपछि के अब नेपाल स्वतन्त्र, सार्वभौम देश रह्यो ? नेपाल स्वतन्त्र सार्वभौम राष्ट्र हो भने भारतसँग कसरी अन्तर्राष्ट्रिय मामिलामा समान धारणा राख्न सक्छ ? यसको अर्थ के हुन्छ ? चीन-भुटानबीचको दोक्लाम समस्यामा भारत घुसेको छ, अनि के दोक्लाममा पनि नेपालले भारतीय धारणा राख्ने ? भारत नेटोको सदस्य बन्ला रे । के हामी पनि नेटोको सदस्य बन्ने ? भारतले बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, भुटान, पाकिस्तानलाई हेर्ने दृष्टिकोण आफ्नो होला के नेपालले त्यसमा भारतकै दृष्टिकोण अवलम्बन गर्ने ? नेपालले तिब्बत र ताइवानलाई चीनको अभिन्न अंग मान्दै एक चीन नीति अवलम्बन गरेको छ । के भोलि तिब्बत र ताइवानबारे नेपालले भारतीय धारणा अवलम्बन गर्ने ? हाम्रो पराराष्ट्र नीति छ, जुन पञ्चशील सिद्धान्तमा आधारित छ । अन्तर्राष्ट्रिय मामिलामा हामी स्वतन्त्र छौँ र त्यसमा हाम्रा धारणा भारतसँग मिल्दैनन् । तर भारत बिगतदेखि नै नेपालको पराराष्ट्रनीति र सुरक्षामा जहिल्यै हस्तक्षेप गर्दैआएको छ । पछिल्लोपटक प्रधानमन्त्री देउवाको भारत भ्रमणका बेला जारी संयुक्त वक्तव्यको बुँदा ११ र १२ मा सुरक्षा सहकार्यको अवधारणा पनि भारतीय सुरक्षा हस्तक्षेपकै निरन्तरता हो ।

» *माथिल्लो कर्णाली परियोजनाका लागि जीएमआरले दोस्रोपटक म्याद थपेर पनि वित्तीय स्रोत जुटाउन सकेन । फेरि म्याद थप्न माग गरिरहेको छ । जीएमआरले माथिल्लो कर्णालीमा वित्तीय व्यवस्थापन गर्न नसक्नुको कारण के होला ?*

जीएमआर भारतको बदनाम कम्पनी हो । जीएमआरले सन् २०१० मा माल्दिभ्समा माले अन्तर ष्ट्रिय विमानस्थलको जिम्मा लिएर अकूतरूपमा कमाउन खोजेको थियो । राष्ट्रपति मुहम्मद नासीदको सरकारले जीएमआरलाई २५ वर्षका लागि माले विमानस्थल जिम्मा लगाएको थियो । तर जीमआरलाई विमानस्थल जिम्मा लगाउँदा सार्वभौमिकतामा आँच आउने भन्दै २०१२ मा नयाँ राष्ट्रपति मुहम्मद वाहिदले सम्झौता खारेज गरेका थिए । त्यसपछि जीएमआर माल्दिभ्सबाट भागेको थियो । जीएमआर खासमा आयोजनाको अनुमतिपत्र लिएर अरु लगानीकर्तालाई बेचेर बीचमा अर्बौं 'कमिसन' आर्जन गर्ने कम्पनी हो । माथिल्लो कर्णालीमा पनि जीएमआरले त्यही नीति लिएको छ । ७० अर्ब लगानी रहने माथिल्लो कर्णालीको लागत जीएमआरले ठीक दोब्बर अर्थात् १ खर्ब ३९ अर्ब देखाएको छ । गत महिना त जीएमआरले माथिल्लो कर्णालीको लागत अरु २५ अर्ब बढाएर कूल १ खर्ब ७४ अर्ब पुऱ्याएको छ । यसबाट पनि जीएमआरले माथिल्लो कर्णालीमा बिनाकाम १ खर्ब ४ अर्ब कमाउन खोजेको छ । जीएमआरको यही कार्यशैलीका कारण उसलाई विश्व बैङ्क, एसियाली विकास बैङ्कजस्ता अन्तर्राष्ट्रिय ऋणदाता साहूहरूले पत्याएका छैनन् ।

## जगत बुझ्ने ...

जान्छन् । अन्ततः केही समयपछि उद्देश्यविहीन भएर धुलोमा पछारिने परिस्थिति आउँछ ।

हामीसँग नयाँ जनवादी क्रान्तिको पुल पार गर्दै वैज्ञानिक समाजवादमा पुग्ने रणनीति भएको आठौं महाधिवेशनको कार्यदिशा छ । यसलाई आठौं महाधिवेशनपछिको केन्द्रीय समितिको दोस्रो बैठकले निकै समृद्ध पारेको छ । उद्देश्य चन्द्रमामा पुग्ने बनाइए पनि नेता र कार्यकर्ताहरूमा विश्वदृष्टिकोण र इच्छाशक्ति भएन भने महान् रक्तरञ्जित झन्डा धुलोमै लत्रनेछ । एउटा कम्युनिस्ट 'ताते खाऊँ, जली मरिजाऊँ' जस्तो अधैर्य हुनै सक्दैन । कम्युनिस्ट त्यो हो जसले सफलता र असफलताबाट सिक्दै महान् उद्देश्यमा पुग्नका लागि अन्धकारमा पनि जूनकीरी बन्नुपर्दछ । क्षितिजमा देखिएको उज्यालोलाई धर्तीमा ओराल्न अध्ययन र अनुसन्धान गरिरहनु पर्दछ । कम्युनिस्ट बनिसकेपछि आफू त मुक्त भएकै हुनुपर्छ । दुनियाँको मुक्तिबारे नै बढी मेहनत गर्नुपर्दछ । दुनियाँको मुक्ति सोच्नु र तदनुरूप आचरण गर्नु नै आफ्नो मुक्तिको सही मार्ग हो । यी समस्याहरूमाथि ध्यान दिएर नै हाम्रो पार्टीमा स्कुलिङ विभाग गठन गरी स्कुलिङ सञ्चालन गरिएको थियो र आठौं के.स. को दोस्रो बैठकले यसलाई अझ अघि बढाएको छ ।

(केन्द्रीय स्कुलिङ विभागको निर्देशिकाबाट । यसको शीर्षक हामीले दिएका हौं ।)

## नजिकिँदै चुनावी ...

थापाको निवासमा बम विष्फोट भएको छ । विष्फोटबाट घरमा केही क्षति पुगेको बताइएको छ । सोही समयमा हरिऔन ६ मा रहेको सागरनाथ वन परियोजनाको सहायक वन कार्यालयमा आगजनी भएको छ । आगजनी गर्नुअघि एक समूहले कार्यालयमा रहेका कर्मचारीहरूलाई बाँधेर लडाएको बताएको छ र आगजनीका कारण कार्यालयका सम्पूर्ण कागजात र फर्निचर जलेर नष्ट भएका छन् । उक्त वन कार्यालयले गतवर्ष टाँगिया बस्तीका सुकुमवासीको दमन गरेकोले सुकुमवासीको तर्फबाट आगजनी गरिएको हुनसक्ने बताइएको छ । हरिऔन १०, सुकेपोखरीस्थित मतदान केन्द्रमा सिलिन्डर बम विष्फोट भएको छ । त्यसैगरी लालबन्दी नपा ९, स्थित जनज्योती उच्चमाविमा बम फेला पर्दा त्यहाँ नेपाली सेनाको बम डिस्पोजल टोली पुगेको थियो भने केही समय पूर्व-पश्चिम राजमार्गसमेत अवरुद्ध हुनपुगेको थियो । केही दिनअघि उर्जा राज्यमन्त्री शम्भुलाल श्रेष्ठको सर्लाही लालबन्दीमा रहेको क्रसर उद्योगमा बम विष्फोट भएको थियो । विष्फोटका कारण लाखौँको क्षति हुनुका साथै उद्योग परिसरमा रहेको एउटा ट्रिपर जलेर नष्ट भएको थियो । माओवादी केन्द्रको तर्फबाट उर्जा राज्यमन्त्री बनेका श्रेष्ठले क्रसर उद्योगको आवरणमा कर छल्ने, अवैध व्यापार गर्ने र ढुङ्गा, गिटी, बालुवा, महङ्गोमा बेच्ने गरेको आरोप स्थानीयहरूले लगाउँदै आएका थिए । महोत्तरी गौशाला ८ मा रहेको कुसमडी मतदान केन्द्रमा सोमबार राती शक्तिशाली बम विष्फोट भएको छ भने बर्दिबास नपाको कार्यालयमा पनि बम विष्फोट भएको छ ।

पर्सा बहुदरमाई नपा १३ को मतदान केन्द्र र विरगन्ज ८, आदर्श नगरस्थित संघीय समाजवादी फोरमका वडा अध्यक्षका उम्मेदवार रमाकान्त चौरसियाको घर नजिक बम विष्फोट भएको छ । चौरसिया निर्माण व्यावसायी संघ पर्साका अध्यक्ष समेत हुन् ।

बाराको सदरमुकाम कलैया २३, हतौडामा रहेको वडा कार्यालय र फेटा गाउपालिका १ सिसनिया मतदान केन्द्रमा पनि बम विष्फोट भएको छ । यसैबीच रौतहट, चन्द्रपुर २, स्थित फुलबारी बुथकेन्द्रमा मंगलबार बिहान करिब ५ बजेतिर शक्तिशाली बम विष्फोट भएको छ । बुथकेन्द्र नजिकै बम विष्फोट हुँदा चुनाव प्रचारप्रसारमा रहेको टोली निकै आतङ्कित भएको बताइएको छ । चन्द्रपुर बजारमा रहेको माके उम्मेदवार समीर भट्टराईको घरमा बुधबार राती बम विष्फोट भएको थियो । भट्टराईले दोस्रो चरणको निर्वाचनको क्रममा नेकपा झापाका २ जना कार्यकर्ताहरूलाई पक्राउ गर्न सुराकी गरेको आरोप लगाइएको छ । गुजरा नपा कटानी बजारस्थित महिरा बुथ केन्द्रमा पनि बिहिबार राती बम विष्फोट भएको थियो ।

सप्तरीको त्रियुगा डिस्टीलरीमा २२ गते दुईवटा शक्तिशाली बम विस्फोट भएको छ । उक्त डिस्टीलरीले कर छली गर्दै आएको र उद्योगबाट निस्कने फोहोर राम्रोसँग व्यवस्थापन नगर्दा स्थानीयको जनजीवनमा प्रतिकूल असर परेको बताइएको छ ।

धनुषाको धनुषाधाम नगरपालिकाकी मेयर पदकी उम्मेदवार प्रेक्षा मल्लको घरमा बम विष्फोट भएको छ । विष्फोटबाट घरमा सामान्य क्षति पुगेको छ । राप्रपाको तर्फबाट स्थानीय निकायको निर्वाचनमा उम्मेदवार बनेकी मल्ल पञ्चायतकालका नामुद मण्डले हेमबहादुर मल्लकी नजिककी नातेदार हुन् । विगत सशस्त्र जनयुद्धको बेला शाह विभिन्न खालका अपराधिक गतिविधिमा समेत संलग्न रहेको बताइन्छ ।

**नेकपाका नेताकार्यकर्ताहरू गिरफ्तार**

चुनाव खारेजी अभियानमा रहेको नेकपाका नेता-कार्यकर्ताहरूलाई विभिन्न स्थानबाट गिरफ्तार गरिएको छ । धनुषामा प्रहरीले नेकपा निकट शिक्षक संगठनका पलट महतो र जगदिश रायलाई गिरफ्तार गरेको छ । उनीहरू दुवै जनालाई प्रहरीले घरमा बसिरहेको बेला गिरफ्तार गरेको हो । यसैगरी पूर्वसभासद इस्लाम हवारीका छोरा शाहरूख हवारीलाई गिरफ्तार गरेको छ । विरगन्जस्थित घरमा बसिरहेको अवस्थामा शाहरूखलाई सोमबार गिरफ्तार गरेको हो । गिरफ्तारको विषयलाई लिएर प्रहरी उपरीक्षक नवराज भट्टले अन्य कुनै कारण नभए पनि माथिको आदेश भएकोले गिरफ्तार गरिएको बताएका थिए । बिहिबार बिहान रौतहट जिल्ला सदस्य कुमार राईका घरमा पुगेको प्रहरीले घर खानतलासी गर्नुका साथै ७० वर्षीय बृद्धलाई कुटपिटसमेत गरेको बताइएको छ । नेकपाका नारायणी ब्युरो इन्चार्ज मिलनले एक विज्ञप्ति जारी गर्दै घटनाको निन्दा गरेका छन् ।

## देश लुछ्दै ...

बनाएर विनियोजित बजेट अपुग हुने लज्जास्पद र राज्य ढुकुटीको नीतिगत डकैतीमा प्रम आफैं लागेका छन् । २ नं. प्रदेशमा चुनावको वातावरण छ । खसीबोकाभैं मान्छे किनिएका र बेचिएका छन् । रत्नपार्कको साँझको व्यापारभन्दा राजनीतिक वेश्यावृत्ति उत्कर्षमा छ । समग्रमा संसदीय व्यवस्थाले देश र जनतालाई गिद्धले लुछेभैं लुछिरहेका छन् । यो अवस्था जनताले कति दिन सहिरहलान् वा निरीह भएर हेरिरहलान् ?

आरामदायी यात्राको लागि
हिमाल तराई यातायात सेवा
बस सुमो तथा हाइस
सिन्धुली, बर्दिबास, जनकपुर, लालबन्दी, धारापानी, मिर्चैया, राजविराज, कटारी, गाइघाट, इटहरी, धरान, विराटनगर, काँकडभिट्टा, घुर्मी, हलेसी, दिक्तेल, ओखलढुंगा, सोलु, सल्लेरी, मन्थली, रामेछाप ।
सम्पर्क : ९८४१०६९६७, ९८४४०३१५९

Government of Nepal Ministry of Education Approved College
Intakes: Jan./Apr./Jul./Oct
Part-time Job Support Facilities
Academy Qualification : S.L.C/+2/Bachelor/Master
जापानीज भाषाका नयाँ कक्षाहरु संचालन भईरहेका छन्
Abroad Study
JAPAN
NAT JLPT
Australia, New zealand, UK, USA, Canada, Europe, India ...
IELTS English Computer
CENTRAL COLLEGE
OF VOCATIONAL TRAINING PVT. LTD.
A Member of ECAN
Head Office : Putalisadak, Kathmandu, Nepal
Tel : 977-1-4010536, Mob : 9812249330
E-mail:info@centralcollege.com.np
Branches:
Shahid Chowk, Narayangarh, Chitwan
Tel: 977-56-572260, 9855063983
(www.centralcollege.com.np)
Butwal, Milan Chowk : 071- 547265, 9857039265
Pokhara, New Road: 061-537065, 9846148559
Hetauda, School Road : 057-523534, 9845067686

शुभकामना
शुभ विजया दशमी, दिपावली
तथा छठ पर्व २०७४ को पावन अवसरमा सम्पूर्ण दाजुभाइ
तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं साथै यस उच्च मावि, कलंकीमा विभिन्न
तहमा भर्ना हुनुभइ गुणस्तरीय शिक्षाको अवसरका लागि
हार्दिक स्वागत गर्दछौं ।
नेपालय उच्च माध्यमिक विद्यालय
कलंकी, काठमाडौं

शुभकामना
शुभ विजया दशमी, दिपावली तथा छठ
पर्व २०७३ को पावन अवसरमा सम्पूर्ण
दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
तपाईं हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि.
चन्द्रागिरी-२०, काठमाडौं

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको
पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
Bright Future Secondary School
Naikap (Tinthana), Chandragiri Municipility, Kathmandu Nepal
Phone : +977-1-4316016, +977-1-4312178, +977-1-4312033
Email : contact@brightfuture.edu.np

## जनयुद्धका मुद्दा ब्युँताएर गिरफ्तार

■ रातो खबर संवाददाता, इलाम

सोमबार इलामबाट ५ जना कार्यकर्तालाई जनयुद्धकालीन मुद्दा ब्युँताएर प्रहरीले गिरफ्तार गरेकोप्रति नेपाल कम्युनिस्ट पार्टीका, प्रवक्ता, प्रकाण्डले द्वन्द भड्काउने खालको षड्यन्त्र नरोके कडा संघर्ष गर्ने बताउनुभएको छ । मंगलबार ई-रातोखबरसँग कुरा गर्दै सो कुरा बताउनु भएको हो । जनयुद्धकालीन मुद्दा ब्युँताएर आफ्ना कार्यकर्ताहरूलाई देउवा-प्रचण्ड सरकारको प्रशासनले गिरफ्तार गरेकोप्रति नेकपा इलामले पनि घोर भर्त्सना गरेको छ । इलाम जिल्लाको माइजोगमाई गाउपालिका ४, नामसालिङका तत्कालीन नेकपा (माओवादी) सम्बद्ध गाउँजनसरकार प्रमुख मानबहादुर लिम्बु, स्थानीय जनताहरू क्रमश मानबहादुर राई, विर्खमान राई, दिलबहादुर राई र राम राईलाई जनयुद्धकालीन मुद्दा ब्युताएर वृस्तृत शान्ति सम्झौता विपरित सत्य निरुपण तथा मेलमिलाप आयोगकोसमेत धज्जी उडाएको बताइएको छ ।

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

स्मार्ट फुड एण्ड स्न्याक्स प्रा.लि.
रत्ननगर नगरपालिका वडा नं. १४
पिठुवा, चितवन

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक एवम् शुभ-चिन्तकहरूको सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं ।

नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.
हङ्कङ् बजार, नारायणगढ, चितवन
सम्पर्क नं. ९८५१०८८३४, फोन नं. ०५६-५३३०६८, ५३१३६७

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्लु स्काई इन्टरनेशनल प्रा.लि.
महाराजगञ्ज, चक्रपथ, काठमाडौं
फोन नं. : ०१-४६५०७९७, फयाक्स : ०१-४६५०९१६




# क्रान्तिकारी दाङ अध्यक्षमा प्रीतिमा चौधरी




■ **जानकी दहित** / दाङ

"विसर्जनवाद, आत्मसमर्पणवाद र अराजकतावादका विरुद्ध एकीकृत विद्यार्थी आन्दोलन, राष्ट्रियताका पक्षमा, शैक्षिक भ्रष्टीकरण, दलालीकरण र माफियाकरणका विरुद्ध २२ औं जिल्ला सम्मेलन" मूल नाराका साथ अखिल (क्रान्तिकारी) दाङको २२ औं जिल्ला सम्मेलन भव्य रुपमा सम्पन्न भएको छ। नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) दाङको २२ औं जिल्ला सम्मेलन प्रीतिमा चौधरीको अध्यक्षतामा ३३ सदस्यीय नयाँ कार्यसमिति चयन गर्दै बिहीबार सम्पन्न भएको हो। उपाध्यक्षमा अनिल केसी, सचिवमा अम्मर खड्का, सहसचिवमा सुरेन्द्र चौधरी र कोषाध्यक्षमा प्रकाश ओलीलाई सर्वसम्मत चयन गरिएको हो ।

हजारौं विद्यार्थीको जुलुसले दाङ घोराही बजारका विभिन्न स्थानको परिक्रमा गरेपछि भरतपुर मैदानमा उद्घाटन सभा भएको थियो । नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा राप्ती ब्युरो इन्चार्ज सुभासले अहिले देश नेपालीहरूको हातमा नभई दलालहरूको हातमा रहेकाले सबै ठाउँ भ्रष्टीकरण भएको बताउनुभयो। दलालहरूले आफ्नो निहित स्वार्थका लागि देशलाई विदेशीहरूको हातमा सुम्पिरहेको भन्दै त्यसका विरुद्ध इमानदार कम्युनिस्टहरू, प्रगतिशील राष्ट्रप्रेमीहरू एकजुट भएर लाग्नुपर्ने उहाँले बताउनुभयो। पुरानो संसदीय व्यवस्थामा शैक्षिक क्षेत्रलगायत हरेक क्षेत्र भ्रष्टीकरण भइरहेकाले शैक्षिक माफिया तथा सबैखाले दलाल, विकृति, बेथितिका विरुद्ध एकजुट भएर संघर्ष गर्न र एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनामा लाग्न आह्वान गर्नुभयो । कार्यक्रमलाई अखिल (क्रान्तिकारी) का अध्यक्ष पूर्णबहादुर सिंह, अखिल नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, अखिल नेपाल शिक्षक संगठन क्षेत्र नं.५ का अध्यक्ष नारायण भण्डारीलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । साथै उद्घाटन सभामा विद्यार्थी कलाकारहरूले नृत्य तथा प्रतिभा प्रस्तुत गरेका थिए।

# सुरेश वाग्ले 'वासु'को स्मृति



■ **रातो खबर संवाददाता**

नेपाल कम्युनिस्ट पार्टीले तत्कालीन नेकपामाओवादीका बैकल्पीकपोलीट ब्यूरो सदस्य सुरेश वाग्ले 'बासु'को अठारौं स्मृतिदिवस मनाएको छ । नेकपाले हरेक वर्ष भदौं २३ गते शहिदवासुको स्मृतिमा योदिवस मनाउने गर्दछ।

गोरखाकोआँपपिपलगाविसकोरातडाडाँमापिताभोजरामवाग्ले र मातादुर्गादिवीवाग्लेको कोखबाट २०१०माजन्मिएकावाग्ले सँस्कृतमाशास्त्रीतहको अध्ययन गरेकाथिए । २०२८ सालदेखि नै विद्यार्थी संगठनबाट राजनीति शूरु गरेकावाग्लेको परिवार मध्ययमवर्गीय थियो । बाबु पुरोहितभएपनिकम्युनिष्ट विचार र दर्शनबाट प्रेरित भएको कारण उनी पुरोहितबनेन् ।शुरेशवाग्ले ' वासु'तत्कालीनजनयुद्धको समयमानेकपामाओवादीमामाथिल्लो तहबाट शहिदबन्ने व्यक्तिहुन् ।वाग्लेलाई २०५६भदौ २३ गते जिल्लाकैगाँखुमाप्रहरीले गिरफ्तार गरी हत्या गरेको थियो । वाग्लेसँगै जनमुक्ति सेनाका प्लाटुन कमाण्डर भीमसेन पोखेललाई पनिहत्यागरिएको थियो।

पार्टी कामको सिलसिलामा हिडिरहेको बेलाप्रहरीले घेरा हालेर आत्मसमर्पण गर भन्दाजवाफमा'मलाई मार, मृत्यु स्वीकार्य छ, तर म तिमिजल्दाहदहरूको सामु आत्मसमर्पण गर्दिन'भन्ने वाग्ले नेपाली कम्युनिस्ट आन्दोलनकाहोनहारकर्मठ सिपाही मानिन्छन् । वाग्लेलाई प्रहरीले हत्यागर्दा उनीविरामीअवस्थामा रहेको वताईन्छ।

शहिदवाग्लेको वारेमाउनका छोरा विकास वाग्ले भन्छन- 'मेरो बुवाले शिक्षकको जागिर,ब्यक्तिगत स्वार्थ, सुख सुविधा सवै छोडेर क्रान्तिको लागिनिकै दुःख कष्ठ उठाउन तयार हुनुभयो । तर आजविजयको सन्नीकट पुगेको जनयुद्धको अवसानभयो। जनयुद्धका उपलब्धीतुहिदा र शहिदका सपनाअधुरै रहदाहामीदुःखीभएका छौं। म आशागर्दछु बिप्लवले नेतृत्व गरेको नेकपाले मेरो बुवालगायतहजारौं शहिदहरूले बगाएको रगत खेर जानदिने छैन।'

सुरेश वाग्ले सर्वहारा वर्गप्रतिइमान्दार, क्रान्तिप्रति निष्ठावान, त्याग, समर्पण र वलिदानीभावकोब्यक्तिभएको उनका समकक्षी नेताहरू वताउछन् ।कम्युनिष्ट पार्टीको झण्डा छोडेर हिडेका डा. बाबुराम भटराईको नजरमा समेत सिद्धान्त र व्यवहारको कुशल संयोजन गर्न सक्ने क्षमताभएकाब्यक्तिहुन् शुरेस वाग्ले । यस्तै २०५४ सालमाभारतको हरियाणामा सम्पन्न केन्द्रीय समितिको बैठकबाट सँगै केन्द्रीय समिति सदस्यचयनभएका सुर्दशनको अनुभवमा समकालिन नेताहरूमध्येबासु तिक्ष्ण बुद्धिका नेताथिए। हाल नेकपाकास्थायी समितिसदस्य समेत रहेका सुदर्शन भारत हरियाणाको वैठक स्मरण गर्दै भन्छन् -'सुरेश वाग्लेको पहिलेको नामजयबहादुर थियो ।हामीत्यहीनामलेबोलाउथ्यौं पछि वासु राख्नुभयो ।उहाँको योजनानिर्माण गर्ने कुरामा सबभन्दा राम्रो क्षमताथियो।'

सुरेश वाग्लेको स्मृतिदिवस मनाउनको लागिगोरखापुगेर उनको परिवारलाई भेट गरेपछि नेकपाका नेताओपप्रकाशपुन भन्छन् -' शहिदवाग्लेको परिवारजनले नेकपाले नै वास्तविकशहिदहरूको सपना पुरा गर्छ किभन्ने आशाप्रकट गर्नुभयो। साच्चीकैहामीएकिकृत जनक्रान्तिको कार्यदिशामार्फत शहिदकावास्तविक सपना पुरा गर्ने दृढ संकल्प गरेका छौं।'

देशमा सर्वहारा वर्गको राज्यव्यवस्था स्थापनागर्ने सपना सहितशहिदबन्ने केन्द्रीय नेताहरूमा शुरेस वाग्ले सगैं केन्द्रीय सदस्यहरू रामवृक्ष यादव,किमबहादुर थापा, शेरमानकुवँर,नेपबहादुर केसी,रितबहादुर खड्का, तेजमान घर्तिलगायतका छन् । त्यस्तै पार्टीका नेता,कार्यकर्ता,जनमुक्ति सेना र जनताको तर्फबाट दशहजार भन्दा बढिको जनयुद्धमा बलिदानभयो । तर केहीसिमितचंखे चतुरेहरूले शहिदको नाम बेचर ब्यक्तिगत स्वार्थ पुरा गरिरहेको गुनासो शहिद परिवारहरूले गर्दछन् । साथै नेकपाले अघि सारेको एकिकृत जनक्रान्तिको कार्यदिशाप्रति धेरै शहिद, वेपत्ता परिवार र घाइते अपाङगहरूले आशाएवं भरोसा गरेको पाइन्छ।

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ